मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १७३ ★ ने. सं. ११४६ दिला थ्व, प्रतिपदा ★ बुधवार ★ ३१ असार, २०८३ ★ July 15 , 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## "टेबुलटेनिस खेलले मस्तिष्कको स्नायु क्षय हुन नदिने र मस्तिष्कलाई स्वस्थ राख्ने काम गर्छ"




भक्तपुर, ३० असार । प्रभात इङलिश सेकेन्डरी स्कूलको भक्तपुर जिल्लाव्यापी टेबलटेनिस प्रतियोगिताको समापन समारोह तथा पुरस्कार वितरण कार्यक्रम मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं प्रभात इङलिश सेकेन्डरी स्कूल व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले हार जितको लागि मात्र होइन यो अनुभवको लागि पनि आवश्यक छ भन्नुभयो । खेलले देशहरूबिचको सम्बन्ध राम्रो बनाउनका लागि पनि महत्त्वपूर्ण भूमिका खेल्ने विचार उहाँले व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "टेबुलटेनिस खेलले मस्तिष्कको स्नायु क्षय हुन नदिने र मस्तिष्कलाई स्वस्थ राख्ने काम गर्छ । सन् १९१७ मा भएको टेबुलटेनिस खेलाडीहरूको आदानप्रदानले संरा अमेरिका र चीनबिचको तनाव घटेको हो ।"

उहाँले भन्नुभयो, "भक्तपुर पुर्खाले सिर्जेको सांस्कृतिक सहर हो । ३०-४० वर्ष यता भक्तपुर खेलाडीहरूको सहर पनि हो । पच्चीस वर्ष यता भक्तपुर स्नातक तह उत्तीर्ण, इन्जिनियर र नर्सहरू धेरै भएको सहर भयो ।"

वाग्मती प्रदेश सांसद सृजना सैंजूले भक्तपुर जिल्लाव्यापी टेबलटेनिस प्रतियोगितामा २० वटा विद्यालयका १२० जना विद्यार्थीको उत्साहजनक सहभागिताको कारण विद्यार्थीहरूको Sportsmanship विकासमा विद्यालयले सुरुआत गरी सहयोग गरिदिनुपर्ने कुरामा जोड दिनुभयो ।

उहाँले खेल शारीरिक र मानसिक तन्दुरुस्तीका लागि मात्र नभई खेल देशप्रेमसँग पनि जोडिएको हुन्छ भन्नुभयो । खेलकुदले कूटनीतिक, राजनीतिक सम्बन्धलाई पनि सहयोग पुऱ्याउने कुरा उल्लेख गर्दै उहाँले देशलाई सधैँ प्राथमिकतामा राखेर खेल्न आग्रह गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ का वडा अध्यक्ष, युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले खेलले अनुशासन र मित्रतालाई पनि सहयोग गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले खेलाडीहरूलाई प्रोत्साहन दिन भक्तपुर नगरपालिकाद्वारा सञ्चालित विद्यालयहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरूलाई प्रोत्साहन गर्न छात्रवृत्ति सुविधा दिने तयारी रहेको उहाँले बताउनुभयो ।

राष्ट्रिय खेलकुद परिषद्का मुख्य प्रशिक्षक मोहनदास बासुकलाले विद्यालयले विद्यार्थीलाई खेलकुद प्रतियोगिता गरेर एक्सपोजर गरेकोमा आभार व्यक्त गर्नुभयो ।

विद्यालयका प्रिन्सिपल स्वर्णिमा मूलले स्वागत तथा बधाईज्ञापन गर्नुभयो । प्रतियोगिता संयोजक मुना बासुकलाले कार्यक्रम सञ्चालन गर्नुभयो ।

इभेन्ट छात्र टीममा प्रभात इङलिस प्रथम, प्रोक्सिमा इन्टरनेसनल एकेडेमी दोस्रो, लर्नर्स एकेडेमी र जेन्युइन सेकेन्डरी स्कूल तृतीय भएका थिए ।

इभेन्ट छात्रा टीममा प्रभात इङलिस प्रथम, लर्नर्स एकेडेमी दोस्रो, प्रोक्सिमा इन्टरनेसनल एकेडेमी र जेन्युइन सेकेन्डरी तेस्रो भएका थिए ।

बाँकी पृष्ठ ८ मा

## सरकारी कार्यशैलीको कारण युवाहरू असन्तुष्ट

काठमाडौँ, ३० असार । बहुमत प्राप्त हुँदैमा कुनै पनि राजनीतिक दल देश र जनताप्रति समर्पित या जिम्मेवार हुन्छ भन्ने कुरा होइन । बहुमत प्राप्त भएको आधारमा कुनै राजनीतिक दल सही हुन्छ; उसको सिद्धान्त र विचार ठीक हुने भए हिजो ठुलो दल बनेका नेका, एमाले र माओवादीको विरोध गर्नुपर्दैनथ्यो । ती दलले बहुमत प्राप्त गरे पनि बहुमत जनताको सेवामा काम गरेनन्; नीति नियम बनाएनन् । दलगत र व्यक्तिगत स्वार्थ तथा पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउनेतर्फ लागेको कारण ती दलहरू जनतामाझ बदनाम मात्र होइन निर्वाचनमा हारे । यही कारण जनताले विकल्पको रूपमा अर्को दलको खोजी गरे । रास्वपाले निर्वाचनमा बहुमत प्राप्त गरी सरकारको नेतृत्व गऱ्यो । तर, सरकारको नेतृत्व गरेको सय दिन पूरा नहुँदै सरकारी कार्यशैलीको कारण व्यापक जनता असन्तुष्ट छन् । अहिले जताततै रास्वपाको नेतृत्वमा बनेको सरकारको विरोधमा प्रदर्शन र सभा हुँदै छ ।

सोमबार विभिन्न समाचारपत्रमा लेखिएका समाचार शीर्षकले पनि वर्तमान सरकारप्रति जनता असन्तुष्ट भएको थाहा हुन्छ । असार २९ गते प्रकाशित 'नयाँ पत्रिका' मा 'ज्यान धान्न ज्यानकै दाउ', 'घाइतेदेखि मृत्युसम्मका घटना : न क्षतिपूर्ति न राहत', 'नेपाल समाचारपत्र' मा 'सूर्यविनायक साँगा सडक विस्तार आयोजनामा भ्रष्टाचार : बन्धन र चन्दनको मिलेमतोमा रकम इवाम', 'अन्नपूर्ण पोस्ट' दैनिकमा 'मन्त्रीपिच्छे आश्वासनका पोका, सुकुमवासीलाई छैन भरोसा', 'नागरिक' दैनिकमा 'स्थानीय सरकार गैरदलीय' शीर्षकका समाचारले देशको स्थिति कति अन्योल, भ्रमपूर्ण र बेथिति रहेछ भन्ने थाहा हुन्छ ।

सूर्यविनायक-साँगा सडक विस्तारसम्बन्धी आयोजनाको समाचारमा नक्कली बिल मात्र होइन वास्तविक खर्च बराबरको भन्दा बढी रकमको बिल प्रयोग गरिएको हुनसक्ने, आयोजनाको सम्बन्धित अभिलेखमा असमानता देखिएको वा वित्तीय प्रक्रियामा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान केन्द्रित रहेको उल्लेख छ ।

बाँकी पृष्ठ ८ मा

## सरकारको उपस्थिति खोइ ?

- नेका, एमाले र माओवादी सरकारको बेला मिटरब्याज पीडितहरू जिल्ला जिल्लाबाट पैदल यात्रा गरी काठमाडौँ माइतीघर मण्डलामा धर्ना र अनसन बस्थे । रास्वपाको बालेन सरकार आएको साढे तीन महिना भयो । यतिबेला रौतहटका मिटरब्याज पीडितहरू ६ बुँदाको मागसहित पैदल यात्रामा काठमाडौँतर्फ अघि बढ्दै छन् । के हिजो र आजका शासक वर्गको सरकार सर्वसाधारण नेपाली जनताका होइनन् ?
- सानो वर्षा हुँदा पनि काठमाडौँका तीनकुने, माइतीघर, जमल, मित्रपार्क, पुतलीसडक, त्रिपुरेश्वर, भोटेवहाल, अनामनगरलगायत क्षेत्रमा जलमग्न हुन्छ । पछिल्लो समय काठमाडौँमा कङ्क्रिटको प्रयोग बढ्दै गएको र वर्षाको पानी भूमिगत पुनर्भरण नहुनाले पनि सडक जलमग्न भइरहेको हो । काठमाडौँमा बसाइँसराइ बढेसँगै नदीको दायाँबायाँ किनाराको जग्गा अतिक्रमण पनि बढ्दो छ ।
- वाग्मती नदीको उद्गमस्थल वागद्वारदेखि कटुवाल दहसम्म २० मिटरदेखि ११९.६३ मिटर चौडाइ हुनुपर्थ्यो । वाग्मती नदीको चौडाइ सुन्दरीजलदेखि गोकर्ण व्यारेजसम्म ३५.१८ मिटर हुनुपर्नेमा २० मिटर, गोकर्ण व्यारेजदेखि मनोहरा दोभानसम्म ४३ मिटर हुनुपर्नेमा ३० मिटर, मनोहरा दोभानदेखि विष्णुमती दोभानसम्म १०० मिटर हुनुपर्नेमा ६० मिटर, नख्खु खोला दोभानदेखि कटुवाल दहसम्म ११९.६३ मिटर हुनुपर्नेमा ८० मिटर मात्र छ ।
- सङ्घीय राजधानी काठमाडौँ प्रदूषण, फोहरमैला, सडकजाम, डुबान, अपराधको केन्द्रजस्तै भइरहेको छ । देशको सन्तुलित विकास गर्न र बसाइँसराइ काठमाडौँमा निरुत्साहित गर्नुपर्नेमा बालेन सरकारले मिडिया अगाडि गाडी रोक्न लगाउनु सरकारको लाचारी हो ।
- सरकारले चालू आवको ११ महिनामा विप्रेषण २१ खर्ब २० अर्ब ८० करोड भित्रिएको सार्वजनिक गऱ्यो । यसको अर्थ नेपाली युवाले विदेशमा रगतपसिना बगाएको, यहाँको विकास निर्माणमा भाग नलिएको, इन्धन र अत्यावश्यक वस्तुसँगै खाद्यान्नसमेतको आयात बढेको, कृषिप्रधान देश नेपाल अब खाद्यान्नमा परनिर्भर भएको र मुद्रास्थिति अर्थात् बजारभाउ बढेको हो । आन्तरिक उत्पादन बढाउनेतर्फ सरकारको काम भएन ।
- रास्वपाको बालेन सरकारले सुरुमै बहालवाला न्यायाधीश, सांसद, सेनाका अधिकारीहरूको सम्पत्ति छानबिन नहुने बताएको थियो । सर्वोच्च अदालतको असार २७ गतेको आदेशपछि पूर्वन्यायाधीश र पूर्वसैनिकबाहेकको सम्पत्ति छानबिन हुने बालेन आयोगका अध्यक्षले बताए । एउटै देशमा दुइटा कानुन कसरी ? छानबिन वर्तमान र पूर्व सबैको हुनुपर्ने होइन ?

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**सामाजिक सुरक्षा भत्ता वितरण तथा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरूरी सूचना**

आ.व. ०८२/८३ को सामाजिक सुरक्षा भत्ताअन्तर्गतको चौथो त्रैमासिक (वैशाख, जेठ र असार)को भत्ता EFT मार्फत लाभग्राहीको खातामा जम्मा भइसकेको हुँदा निम्न मिति र स्थानमा वितरण गरिने व्यहोरा सम्बन्धित सबै लाभग्राहीहरूको जानकारीको लागि अनुरोध छ । साथै सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले यही २०८३ साल साउन १ गतेदेखि भदौ १५ गतेभित्र सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नका लागि आवश्यक कागजातहरूसहित आफू स्वयम् वडा कार्यालयमा उपस्थित भई आ-आफ्नो परिचयपत्र नवीकरण गराउनुहुनको लागि समेत यो सूचना प्रकाशित गरिएको छ ।

**भत्ता वितरण तालिका**

| वडा नं. | भत्ता वितरण मिति | भत्ता वितरण स्थान |
|---|---|---|
| १ | साउन ६ गते, बुधबार<br>साउन ७ गतेदेखि | १ नं. वडा कार्यालय<br>कुमारी बैङ्क, दूधपाटी |
| २ | साउन ४ गतेदेखि | नेपाल बैङ्क, भ.न.पा. काउन्टर |
| ३ | साउन ७ गते बिहीबार<br>साउन ८ गतेदेखि | ३ नं. वडा कार्यालय<br>कुमारी बैङ्क, दूधपाटी |
| ४ | साउन ५ गतेदेखि | सिद्वार्थ बैङ्क, राममन्दिर |
| ५ | साउन ५ गतेदेखि | लक्ष्मी सनराइज बैङ्क, सुकुलढोका |
| ६ | साउन ५ र ६ गते<br>साउन ७ गतेदेखि | ६ नं. वडा कार्यालय<br>कुमारी बैङ्क, ब्यासी |
| ७ | साउन ६ र ७ गते<br>साउन ८ गतेदेखि | ७ नं. वडा कार्यालय<br>कुमारी बैङ्क, जगाती |
| ८ | साउन ५ गतेदेखि | प्राइम बैङ्क, च्याम्हासिंह |
| ९ | साउन ४ गतेदेखि | सिद्वार्थ बैङ्क, च्याम्हासिंह |
| १० | साउन ४ गते सोमबार<br>साउन ५ गतेदेखि | १० नं. वडा कार्यालय<br>NIMB बैङ्क, कमलविनायक |

**आवश्यक कागजातहरू :**
१. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको बुक
२. राष्ट्रिय परिचयपत्र नम्बर (१० अङ्कको NIN Number) - नवीकरणको लागि
३. संरक्षकको हकमा संरक्षक खुलेको कागजात वा सम्बन्धित वडाको सिफारिस र नागरिकता

**पुनश्च :**
➢ बालबालिका, पूर्ण अपाङ्गता भएका, ९० वर्ष माथिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा नवीकरण गर्न राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य नभएको र निजका आमा, बुबा वा संरक्षकले वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।
➢ उपरोक्त दिनहरूमा भत्ता बुझ्न नसकिने लाभग्राहीहरूको सम्बन्धित बैङ्क खातामा रकम जम्मा हुनेछ ।





# बुङ्गमतीका लिच्छविकालीन चैत्यहरू (अशोक चैत्यहरू) र बुद्धमूर्ति संरक्षणको पर्खाइमा

ललितपुर, ३० असार । बुङ्गमतीस्थित लिच्छविकालीन चैत्यहरू (अशोक चैत्यहरू) नेपाल मण्डलको बौद्ध इतिहास, कला तथा सांस्कृतिक सम्पदाका अत्यन्त महत्त्वपूर्ण धरोहर हुन् । तर, यी प्राचीन चैत्यहरू आज पनि संरक्षण, मर्मत-सम्भार तथा संवर्द्धनको पर्खाइमा रहेको देखिन्छ ।

तस्विरमा देखिएको लिच्छविकालीन उभिएको बुद्धमूर्ति (Standing Buddha) पनि यस क्षेत्रको अमूल्य पुरातात्त्विक सम्पदा हो । विभिन्न प्रकाशनहरूमा यो मूर्ति यही स्थानमा रहेको उल्लेख पाइन्छ । एक स्थानीय व्यक्तिका अनुसार २०७२ सालको भूकम्पसम्म यो बुद्धमूर्ति यही स्थानमा रहेको छ । तर, भूकम्पपश्चात् उक्त स्थानमा यो मूर्ति देखिएको छैन ।

अहिले यो बुद्धमूर्ति कहाँ छ ? कस्तो अवस्थामा छ ? यदि संरक्षणका लागि अन्यत्र सारिएको हो भने त्यसबारे आधिकारिक जानकारी सार्वजनिक हुनु आवश्यक छ । आवश्यक संरक्षण तथा सुरक्षाको सुनिश्चिततापछि यस बुद्धमूर्तिलाई यसको मौलिक स्थानमै पुन:स्थापना गरिनु उपयुक्त हुनेछ । कुनै पनि पुरातात्त्विक सम्पदाको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्त्व त्यसको मौलिक सन्दर्भ (Original Context) सँग गहिरो रूपमा जोडिएको हुन्छ ।

यदि कसैलाई यस बुद्धमूर्तिको हालको स्थान वा अवस्थाबारे विश्वसनीय जानकारी छ भने सार्वजनिक गर्न आग्रह गरिएको छ ।

बुङ्गमतीका लिच्छविकालीन चैत्यहरू (अशोक चैत्यहरू) को समयमै संरक्षण, अभिलेखीकरण, मर्मत-सम्भार तथा संवर्द्धनमा सम्बन्धित निकायले विशेष ध्यान दिनु आवश्यक देखिन्छ । यस्ता अमूल्य सम्पदाको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो ।

# चौबीस घण्टाको वर्षा मापन सबैभन्दा बढी वर्षा चितवनमा

काठमाडौं, ३० असार । जल तथा मौसम विज्ञान विभाग जलवायु विज्ञान महाशाखाका अनुसार पछिल्लो २४ घण्टामा सबैभन्दा बढी वर्षा मापन चितवन नारायणीमा आसपासमा गरिएको छ ।

सोमबार बिहान ८:४५ बजेदेखि मङ्गलबार बिहान ८:४५ बजेसम्म ३३५ वटा वर्षा मापन केन्द्रहरू (मानव सञ्चालित : ४५ र स्वचालित : २९०) मा वर्षा मापन गरिएको छ । जसअनुसार गत २४ घण्टामा २४३ वटा केन्द्रमा वर्षा भएको छ ।

केन्द्रहरूमध्ये सबैभन्दा बढी वर्षा (३१९.८ मि मि) चितवन जिल्लाको नारायणी फिल्ड अफिस केन्द्रमा मापन भएको छ । सोही केन्द्रका आसपासका तीन वटा केन्द्रहरूमा २०० मिमीभन्दा बढी वर्षा भएको छ भने देशभरि १०० मिमीभन्दा बढी वर्षा २३ वटा केन्द्रहरूमा भएको छ ।

विपद् व्यवस्थापनविद् उज्ज्वल उपाध्यायले सोमबार रातिदेखि न्यूनचापीय रेखा मध्य तथा पूर्वी तराईतर्फ सर्दै गरेको जानकारी दिनुभयो । काठमाडौंलगायत अन्य क्षेत्रमा भइरहेको लगातारको झरी सोमबार रातिदेखि रोकिएको र आजको मौसम सोमबारभन्दा केही घमाइलो र तातो हुने उहाँको भनाइ छ । उपाध्यायका अनुसार सप्तकोसी तथा नारायणी नदी वरिपरि डुबानको जोखिम मङ्गलबार मध्याह्नसम्म रहने छ ।

विभागका अनुसार अहिले चितवन भरतपुर आसपासका क्षेत्रहरू डुबानमा परेको छ । **रासस**

# अवरुद्ध सडक खुलाउने प्रयास जारी

काठमाडौं, ३० असार । देशका विभिन्न भागमा भएको वर्षाका कारण आएको बाढी र पहिरोबाट मङ्गलबार मध्याह्नसम्म २१ वटा सडक प्रभावित भएका छन् । त्यसमध्ये तीन सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएका छन् भने १८ वटा एकतर्फी रूपमा सञ्चालनमा आएको सडक विभागको तथ्याङ्कमा उल्लेख छ । विभागका अनुसार पहिरोका कारण कोसी रोजमार्ग, कान्तिराजपथ, मेचीराजमार्ग र बुर्तीबाङ-ढोरपाटन राजमार्गको केही स्थान अवरुद्ध भएको छ ।

विभागका सूचना अधिकारी शुभाञ्जन दाहालले पहिरोकाकारण सडक अवरुद्ध सडक खुलाउन सम्बन्धित कार्यालयले पहिरो पन्छाउने कार्य गरिरहेको जानकारी दिनुभयो । जल तथा मौसम विज्ञान विभागले मुलुकको विभिन्न स्थानमा मङ्गलबार पनि भारी वर्षा हुने भएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ ।

# भक्तपुर उवासङ्घको संस्थागत क्षमता स्व:मूल्याङ्कन कार्यक्रम




भक्तपुर, ३० असार । भक्तपुर उद्योग वाणिज्य सङ्घको संस्थागत क्षमता स्व:मूल्याङ्कन कार्यक्रम सम्पन्न भएको छ ।

सङ्घको संस्थागत क्षमता स्व:मूल्याङ्कन कार्यक्रम सूर्यविनायक नगरपालिकास्थित होटल घ्याम्पेडाँडामा सञ्चालन गरिएको थियो । नेपाल उद्योग वाणिज्य महासङ्घअन्तर्गतको कृषि उद्यम केन्द्रका सभापति शिवप्रसाद घिमिरेले कार्यक्रमको डिजिटल ब्यानर डिस्प्ले गरी उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा कृषि उद्यम केन्द्रका सभापति घिमिरेले देशको अर्थतन्त्र बलियो बनाउन कृषि क्षेत्रको विकास, व्यवसायीकरण र आधुनिकीरण गरी आत्मनिर्भर बनाउनुपर्नेमा जोड दिनुभयो । कृषि क्षेत्रको विकासका लागि कृषकलाई राज्यको तर्फबाट सम्मान, प्रोत्साहन आवश्यक रहेको उहाँको भनाइ छ । विकसित देशहरूमा किसानलाई हेर्ने दृष्टिकोण एकदमै सकारात्मक हुने गरेको भन्दै उहाँले जर्मन जाँदा आफूलाई कृषिप्रधान देश नेपालबाट आएको व्यक्ति भनेर उच्च सम्मान दिएको स्मरण गर्नुभयो ।

उहाँले देशमा कृषि क्षेत्रलाई दिगो विकास, व्यवसायीकरण र रोजगारमुखी बनाउन कृषकमैत्री नीति आवश्यक रहेको बताउनुभयो । कृषि उद्यम केन्द्रले व्यवसायिक रूपमा कृषि क्षेत्रको व्यापक विकास गर्न सरोकारवाला निकायलाई सुझाव दिँदै आएको भन्दै कृषि क्षेत्रमा निजी क्षेत्रको लगानी बढाउन जिल्ला नगर उद्योग वाणिज्य सङ्घहरूले पनि भूमिका खेल्न आग्रह गर्नुभयो ।

सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपानेले विगतमा झैं जिल्ला नगर उद्योग वाणिज्य सङ्घहरूको वृत्ति विकास, सचिवालय सुदृढीकरण, क्षमता विकासलगायत अन्य कार्यमा कृषि उद्यम केन्द्रबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । भक्तपुर उद्योग वाणिज्य सङ्घका विविध उद्देश्यहरूमध्ये प्रतिस्पर्धी व्यवसायिक कृषिको विकास गर्ने पनि रहेको भन्दै उहाँले सोहीअनुरूप सङ्घले विविध कार्यक्रमहरू सञ्चालन हुँदै आएको बताउनुभयो ।

कृषि उद्यम केन्द्रका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत एवं कार्यक्रमका सहजकर्ता अरुण श्रेष्ठले संस्थागत क्षमता स्व:मूल्याङ्कन कार्यक्रमबाट कुनै पनि संस्थाको सबल र कमजोर पक्ष तथा सुधार गर्नुपर्ने पक्ष स्पष्ट रूपमा पत्ता लाग्ने भएकोले यो कार्यक्रम महत्त्वपूर्ण हुने बताउनुभयो । स्व:मूल्याङ्कन कार्यक्रमबाट पहिचान भएका कमजोर पक्षलाई ध्यानमा राखी तथ्यपरक योजना बनाई अगाडि बढ्न सके सङ्घलाई अझ दिगो रूपमा सञ्चालन गर्न सकिने उहाँको भनाइ छ । कार्यक्रममा सङ्घका वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद प्रजापति, उपाध्यक्ष विश्वराम दुवालले पनि आ-आफ्नो धारणा राख्नुभएको थियो ।

सङ्घको संस्थागत क्षमता स्व:मूल्याङ्कन कार्यक्रममा सङ्घका पदाधिकारी, कार्यसमिति सदस्य, पूर्वअध्यक्ष, अध्यक्ष एवं सल्लाहकार र कर्मचारीहरूबिच सङ्घसँग सम्बन्धित विभिन्न सूचाङ्कहरूमा केन्द्रित रहेर घनिभूत छलफल गरिएको थियो । सङ्घको स्रोत, साधन एवं वित्तीय अवस्था, सामाजिक समावेशीकरण तथा लैङ्गिक समानताका सवालहरू समावेशको अवस्था, कार्यक्रम योजना र दिगोपन, आन्तरिक सङ्गठनको यथार्थ अवस्था, ज्ञानको व्यवस्थापन एवं सेवाको गुणस्तरको अवस्था, सङ्घबाट हुने गरेका पैरवी, कार्यसमिति सदस्यहरू एवं कर्मचारीहरूको उत्प्रेरणा र प्रतिबद्धताको यथार्थता, घरेलु, लघु, साना तथा मझौला उद्यम विकास र व्यवस्थापनको अवस्था, सरोकारवालाहरूसँगको सम्बन्धलगायतका विषयमा मूल्याङ्कन गरिएको थियो ।

# तारामा एसईई उत्तीर्ण विद्यार्थीलाई बधाई तथा मार्ग निर्देशन

भक्तपुर, ३० असार । तारा माध्यमिक विद्यालय भनपा - ४, भक्तपुरबाट शैक्षिक सत्र २०८२ को एसईई परीक्षामा सफल भएका विद्यार्थीलाई बधाई ज्ञापन तथा मार्गनिर्देशन कार्यक्रम मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा भनपा वडा नं. ४ का वडाध्यक्ष एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उपेन्द्र सुवालले आदर्शवान्, क्षमतावान र योग्य नागरिक बन्नका लागि उच्च शिक्षा हासिल गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

खेलकुदले शारीरिक तथा मानसिक क्षमतामा विकास गर्ने हुँदा खेलकुदमा पनि लाग्नुपर्दछ उहाँले भन्नुभयो ।

अर्का अतिथि उद्धव सुजखुले विद्यार्थीले आफ्नो रुचि, क्षमता र देशको आवश्यकताअनुसार अध्ययन गर्नुपर्ने कुरामा जोड दिनुभयो । कुनै न कुनै एक विषयमा विशिष्टता हासिल गर्ने उद्देश्यका साथ अध्ययन गर्न उहाँले सुझाव दिनुभयो । "सामुदायिक विद्यालयको स्थापना, सञ्चालन र विकासमा स्थानीय जन समुदायको योगदान भइरहेको वर्तमान अवस्थामा सरकारले शिक्षा नियमको दशौं संशोधन गरी विद्यालयलाई समुदायबाट टाढा राख्न खोजेको र प्रजातान्त्रिक मुलुकमा राजनैतिक दलहरूलाई विद्यालय व्यवस्थापन समितिमा निषेध गर्न खोजेको हुँदा रास्वपाको राजनैतिक दृष्टिकोण निर्दलीय चरित्रको भएको छ" उहाँले भन्नुभयो ।

कार्यक्रममा पुष्पलाल सुजखुले आत्म समीक्षा गर्दै व्यक्तित्व विकास गर्न र सफल जीवन निर्माणको पथमा लम्कनुपर्ने कुरामा जोड दिनुभयो ।

प्रधानाध्यापक प्रेमलक्ष्मी त्वायनाको सभापतित्वमा भएको उक्त कार्यक्रममा शिक्षकहरू हरिकृष्ण प्रजापति, हरिप्रसाद बास्तोला, श्याम ख्याजू तथा विद्यार्थीद्वय सञ्जन दंगाल र सियाना हाकुदुवालले पनि बोल्नुभएको थियो ।

# विश्वविद्यालयमा १० प्रतिशत छात्रवृत्ति सुनिश्चित गर्न उपकुलपतिको संयुक्त पहल

काठमाडौँ, ३० असार । विभिन्न विश्वविद्यालय तथा त्यसअन्तर्गतका सम्पूर्ण आङ्गिक क्याम्पसहरूमा अब कम्तीमा १० प्रतिशत विद्यार्थीलाई पूर्ण छात्रवृत्ति सुनिश्चित हुने भएको छ ।

विभिन्न सात विश्वविद्यालयले सूचना प्रकाशन गरेर कम्तीमा १० प्रतिशत छात्रवृत्तिका लागि प्रक्रिया अगाडि बढाइएको जनाएका छन् । त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, राजर्षिजनक विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, पोखरा विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयले छुट्टाछुट्टै सूचना प्रकाशित गरी आफ्ना आङ्गिक क्याम्पसहरूमा छात्रवृत्तिको सुनिश्चितताका लागि पत्राचार गरिएको उल्लेख गरिएको छ ।

विश्वविद्यालयको परिपत्रअनुसार सम्बन्धित क्याम्पसहरूले शैक्षिकसत्र २०८३/८४ का लागि विश्वविद्यालयबाट स्वीकृत कार्यक्रममा विद्यार्थी भर्ना लिँदा अनिवार्य रूपमा पालना गर्नुपर्ने नियमबारे अवगत गराइएको छ ।

विश्वविद्यालयको नियमअनुसार कुल स्वीकृत सिट सङ्ख्याको १० प्रतिशत जेहेन्दार, विपन्न तथा लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन अनिवार्य रूपमा खाली राख्नुपर्ने व्यवस्था छ । उक्त १० प्रतिशत सिटमा विश्वविद्यालयको सम्बन्धनप्राप्त क्याम्पस/कलेजको छात्रवृत्तिसम्बन्धी कार्यविधिको व्यवस्थाअनुसार विद्यार्थी छनोट गरी भर्ना गरिने जनाइएको छ ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालय र मातहतका क्याम्पसहरूमा कम्तीमा १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्थासँगै शिक्षामा पहुँच, समान अवसर र सामाजिक न्याय सुनिश्चित गर्ने दिशामा यो अर्को महत्त्वपूर्ण कदम भएको बताउनुभएको छ ।

विश्वविद्यालयबाट छात्रवृत्ति सुनिश्चित छात्रवृत्तिबारे मन्त्री पोखरेलले यसअघि काठमाडौँ महानगरपालिकाको विद्यालय प्रणालीमा लागू गरिएको छात्रवृत्ति व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयनको अनुभवका आधारमा विश्वविद्यालय तहमा पनि त्यसलाई संस्थागत गर्दै अघि बढेको उल्लेख गर्नुभयो ।

यसअघि गत चैत ३० गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नियमबमोजिम छात्रवृत्ति प्रदान नगर्ने विद्यालयलाई कानुनबमोजिम आवश्यक कारबाही गर्न सम्पूर्ण स्थानीय तहहरूलाई समन्वय एवं सहजीकरण गर्न अनुरोध गरेको थियो ।

मन्त्रालयले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गर्दै शिक्षा ऐन र नियमावलीबमोजिम निजी तथा सार्वजनिक विद्यालयले विद्यार्थी सङ्ख्याका आधारमा तोकिएबमोजिमका १० प्रतिशत छात्रवृत्ति प्रदान गरेको छात्रवृत्तिको विवरण अद्यावधिक गरे/नगरेको सम्बन्धमा अनुगमन र सहजीकरण गर्न स्थानीय तहलाई अनुरोध गरेको थियो । **रासस**

## सङ्क्षिप्त समाचार

## जमुनाह नाकाबाट स्रोत नखुलेको पाँच लाख बरामद

नेपालगञ्ज, ३० असार । बाँकेको जमुनाहनाकामा सशस्त्र प्रहरीले स्रोत नखुलेको भारतीय रूपैयाँ पाँच लाख बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म जमुनाहबाट खटिएको टोलीले नेपालगन्ज उपमहानगरपालिका-१५ जमुनाह क्षेत्रमा नियमित जाँच गर्ने क्रममा उक्त रकम बरामद गरेको हो । बरामद गरिएको भारतीय मुद्रा रु. पाँच लाख मङ्गलबार भन्सार कार्यालय बाँकेमा बुझाउन लागिएको सशस्त्र प्रहरी सीमा सुरक्षा बल गुल्म जमुनाहले जनाएको छ ।

उहाँका अनुसार रिक्सामा सामान राखेर भारतबाट नेपाल ल्याउने क्रममा सामानभित्र सो रकम फेलापरेको तर कसको भनेर खुल्न नसकेको प्रहरी नायब उपरीक्षक तीर्थ न्यौपानेले जानकारी दिनुभयो ।

सशस्त्र प्रहरी बल नं ५ विन्ध्यावासिनी बाहिनीमा डिआइजी दीपक अधिकारीले कमाण्ड सम्हालेयता सीमा क्षेत्रमा हुने अवैध गतिविधिविरुद्ध सुरक्षा निगरानी थप कडा बनाइएको छ । सीमा अपराध नियन्त्रण, अवैध तस्करी तथा गैरकानुनी कारोबार रोकथामका लागि सशस्त्र प्रहरी अझ आक्रामक रूपमा परिचालन भइरहेको सशस्त्र प्रहरीले जनाएको छ । हाल जमुनाहनाकालगायत बाँकेका विभिन्न सीमावर्ती क्षेत्रमा चेकजाँचलाई तीव्रता दिइएको छ भने अवैध कारोबारमा संलग्न व्यक्तिमाथि निगरानी बढाइएको छ । *रासस*

## नेपाल बीमा प्राधिकरणसँग छलफल

काठमाडौँ, ३० असार । प्रतिनिधिसभा, अर्थ समितिको मङ्गलबार सिंहदरबारमा बसेको बैठकले नेपाल बीमा प्राधिकरणसँग आर्थिक वर्ष २०८२/८३ मा नेपाल बीमा प्राधिकरणबाट भए गरेका मुख्यमुख्य कामकारबाही सम्बन्धमा जानकारी लिएको छ । बीमा क्षेत्रको नियमनमा नीतिगत एवं कार्यगत समस्या एवं चुनौतीका सम्बन्धमा, बीमित हित संरक्षण एवं बीमा व्यवसायको जोखिम न्यूनीकरणका सम्बन्धमा भएका प्रयासहरू, नेपाल सरकारको स्वामित्वमा रहेका बीमा संस्थान र कम्पनीका तीन वर्षको कार्य सम्पादन स्थिति र कार्य सम्पादनको लागि बीमा प्राधिकरणको पहलकदमीबारे जानकारी लिएको छ ।

समितिका सचिव लक्ष्मण अर्यालले बैठकमा भएको छलफल र सांसदले उठाएका विचारको विस्तृत प्रतिवेदन तयार पारी १० दिनभित्र समितिलाई बुझाउन समितिका सभापति डा. कृष्णहरि बुढाथोकीबाट निर्देशन भएको बताउनुभयो । *रासस*

## आत्मदाह प्रयास गरेका सर्लाहीका मण्डलको निधन

काठमाडौँ, ३० असार । आत्मदाह प्रयास गरेका सर्लाही गोडैता नगरपालिकाका विवेक मण्डलको उपचारका क्रममा मङ्गलबार निधन भएको छ । गत शुक्रबार सर्लाहीमा आत्मदाहको प्रयास गरेका मण्डलको हेलिकप्टरमार्फत उद्धार गरी काठमाडौँको कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचारत अवस्थामा मङ्गलबार बिहान २:०५ बजे निधन भएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक (एसपी) पवनकुमार भट्टराईले जानकारी दिनुभयो । २५ वर्षीय मण्डललाई अस्पतालको सघन उपचार कक्षमा राखेर उपचार गरिएको थियो ।

आफूमाथि पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेका मण्डलको शरीरको ८० प्रतिशत बढी भाग जलेको थियो । *रासस*

## कोसीमा नि:शुल्क खोपको व्यवस्था

मोरङ, ३० असार । के तपाईंका घरमा भर्खरै जन्मेका शिशु र गर्भवती महिला छन् ? छन् भने उनीहरू दुवैलाई १४ प्रकारका घातक रोगविरुद्ध नि:शुल्क खोप लगाउन नभुल्नुहोला !

स्थानीय सरकारले तोकेका निश्चित स्थानबाट टिवी (क्षयरोग), भ्यागुते, लहरे खोकी, धनुष्टङ्कार, हेपाटाइटिस बी, होमोफिलस इन्फ्लुएन्जा टाइप 'बी', पोलियो, दादुरा, रुबेला, जापानी इन्सेफ्लाइटिस, निमोनिया, रोटा भाइरस, टाइफाइड र पाठेघरको मुखको क्यान्सरविरुद्धका खोप नि:शुल्क उपलब्ध गराउँदै आएको छ । लक्षित उमेर समूहका सम्पूर्ण बालबालिकाले राष्ट्रिय तालिकाअनुसार पाउनुपर्ने उक्त खोपहरू पाए नपाएको यकिन गर्ने काम स्थानीय सरकारको हो ।

कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मङ्गलबार प्रदेशलाई पूर्णखोप सुनिश्चितता भए नभएको यकिन गरी कोसी प्रदेश पूर्ण खोप सुनिश्चितता घोषणा गर्नुभएको छ । स्थानीय क्षेत्रमा छुट भएका १५ महिना उमेर समूहका १४ जिल्लामा पर्ने स्थानीय निकायका तीन हजार ७१२ जनालाई पूर्ण खोप प्रदान गरी कोसी प्रदेशलाई पूर्णखोप सुनिश्चित प्रदेश घोषणा गर्नुभएको हो । *रासस*

## पहिरोले मध्यपहाडी लोकमार्ग अवरुद्ध

ढोरपाटन (बागलुङ), ३० असार । पहिरोले राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ । लोकमार्गको बागलुङ-बुर्तिबाङ खण्डअन्तर्गत काठेखोला गाउँपालिका-६ इनारपानी क्षेत्रमा मङ्गलबार बिहान खसेको पहिरोले लोकमार्ग अवरुद्ध भएको हो । सोमबारदेखिको अविरल वर्षाका कारण सडकमा ठूलो पहिरो झरेपछि लोकमार्ग अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रामेश्वर त्वातीले जानकारी दिनुभयो । सडक अवरुद्ध हुँदा पोखरा, काठमाडौँ जाने सवारीसाधान चल्न सकेका छैनन् ।

काठमाडौँदेखि बागलुङको बुर्तिबाङ, रोल्पा, रुकुम, डोल्पालगायत पश्चिम नेपाल छुटेको यात्रीबस पनि सडकमै अलपत्र परेको प्रहरी नायब उपरीक्षक त्वातीले बताउनुभयो । सडकमा पहिरोसहित ठूलो ढुङ्गा अडिदा सडक खुलाउन केही समय लाग्ने देखिएको छ । उहाँले भन्नुभयो, "सडकमा ठूलो पहिरो खसेको छ, तत्कालै खुलाउन सकिने अवस्था छैन, यद्यपि खुलाउने प्रयास भइरहेको छ ।" *रासस*



**नारायणी नदीको अवस्था**
सोमबार दिउँसोदेखि परेको अविरल वर्षापछि मङ्गलबार बिहान देखिएको चितवनको नारायणगढस्थित नारायणी नदीमा बढेको जलसतह ।
*तस्बिर: सनद अधिकारी/रासस*

# रैथाने वनस्पति र च्याउ प्रजाति सङ्कटमा

**- नवीन लामिछाने**

मनाङ, ३० असार । विश्वप्रसिद्ध अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) भित्र जैविक विविधताको दिगो संरक्षण र ठूला भौतिक पूर्वाधार विकासबिचको सङ्घर्ष चुलिँदै गएको छ । हिमाली जिल्ला मनाङमा राष्ट्रिय गौरव र रणनीतिक महत्त्वको रूपमा हेरिएको जलविद्युत् आयोजनाको निर्माणकार्यले गति लिएसँगै यस क्षेत्रको रैथाने पर्यावरण, वन्यजन्तुको जैविक मार्ग र सूक्ष्म वनस्पतिको अस्तित्व रक्षाको सवाल थप पेचिलो बन्दै गएको छ ।

आयोजनाका विभिन्न स्थायी तथा अस्थायी संरचना निर्माणका लागि एक्यापअन्तर्गतको कुल ३३.४७ हेक्टर संरक्षित वन क्षेत्र प्रयोग गर्न र त्यहाँ रहेका एक हजार ८३९ वटा रुख हटाउन सरकारले अन्तिम स्वीकृति दिएपछि वन फँडानी र वातावरणीय क्षतिको वैज्ञानिक लेखाजोखा सुरु भएको छ । आयोजनाको प्राविधिक नक्साङ्कनअनुसार २४ मिटर अग्लो कङ्क्रिट ग्रेभिटी बाँध र ६.०७५ किलोमिटर लामो भूमिगत हेडरेस सुरुङ निर्माणका लागि एक्यापको महत्त्वपूर्ण जैविक वन क्षेत्र अधिग्रहण गरिएको छ । काटिने एक हजार ८३९ रुख र पोलमा हिमाली भेगमा पाइने गोब्रे सल्लो, धुपी, भोजपत्र र लौठसल्लाजस्ता बहुमूल्य र रैथाने प्रजाति रहेका छन् ।

**जोखिममा हिउँ चितुवा र कस्तुरी मृगको बासस्थान**

यहाँ निर्माणाधीन आयोजना जिल्लाको मध्य तथा माथिल्लो वन क्षेत्र अन्तर्राष्ट्रिय रूपमा सङ्कटापन्न र नेपालको कानुनद्वारा कडा रूपमा संरक्षित हिउँ चितुवा, कस्तुरी मृग, नाउर, घोरल र हिमाली भालुजस्ता वन्यजन्तुको मुख्य चरन क्षेत्र र जैविक मार्ग नजिक पर्दछ । सुरुङ खन्ने क्रममा गरिने दैनिक भारी विस्फोटन, ढुङ्गा फुटाउने क्रसर उद्योगको चर्को ध्वनि प्रदूषण र हेभी इक्विपमेन्टको निरन्तर आवतजावतले गर्दा वन्यजन्तु त्रसित भई आफ्नो प्राकृतिक बासस्थान छाडेर असुरक्षित क्षेत्रतर्फ विस्थापित हुने खतरा बढेको पाल्साङ लामाले बताउनुभयो । "जैविक मार्ग खल्बलिँदा वन्यजन्तु आहारा र सुरक्षित आश्रयको खोजीमा मानव बस्ती छिर्ने र मानव-वन्यजन्तु द्वन्द्व निकै बढ्ने जोखिम रहेको छ," उहाँले भन्नुभयो ।

कोतोस्थित बाँधबाट मर्स्याङ्दी नदीको पानीलाई छ किलोमिटर लामो भूमिगत सुरुङभित्र हालिने हुनाले बाँधदेखि खोत्रोको विद्युत् गृहसम्मको साविक नदी क्षेत्र पूर्ण रूपमा 'सुक्खा क्षेत्र' मा परिणत हुनेछ । हिउँदका समयमा नदीमा पानीको बहाव प्राकृतिक रूपमै कम हुने हुँदा मर्स्याङ्दी नदीको यो खण्ड सुक्ने हुँदा नदीभित्र रहेका रैथाने जलचर र पानीमा आश्रित सूक्ष्म वनस्पतिको जीवनचक्र सदाका लागि अन्त्य हुने देखिएको छ ।

नेपालको जलस्रोत ऐन र वातावरणीय कानुनअनुसार हिउँदमा पनि नदीको साबिक बहावको न्यूनतम १० प्रतिशत पानी अनिवार्य रूपमा नदीमै छाड्नुपर्ने बाध्यात्मक व्यवस्था छ । हिमाली क्षेत्रका यस्ता दुर्गममा आयोजनाले नियम पालना गरे-नगरेको निष्पक्ष र नियमित अनुगमन गर्ने प्रणाली कमजोर हुँदा जलचरको जीवनचक्र प्रभावित हुने चिन्ता संरक्षण क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष याद घलेले बताउनुभयो ।

**च्याउको प्रजाति अनुसन्धान**

जलविद्युत् आयोजनाका कारण वन क्षेत्र प्रभावित हुने र जैविक मार्ग खल्बलिने भएपछि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मनाङले प्रभावित वन क्षेत्रमा रैथाने र सूक्ष्म जैविक स्रोतको अस्तित्व जोगाउन अनुसन्धान थालेको छ । एक्याप मनाङको प्राविधिक टोलीद्वारा नार्सौं गाउँपालिकाको वन क्षेत्रमा च्याउको विविधता, यसको परम्परागत तथा सांस्कृतिक उपयोग र प्रजाति पहिचानका लागि 'च्याउ सूचीकरण तथा स्थलगत सर्वेक्षण' सुरु गरिएको जनाएको छ ।

एक्याप मनाङको प्राविधिक टोलीले नार्सौं गाउँपालिका-४ को ओडार क्षेत्रबाट स्थलगत सर्वेक्षण सुरु गरी खोत्रोसम्म सङ्कलन कार्य गरेको छ भने खोत्रोदेखि सुर्खी खोलासम्मको पदमार्ग र जङ्गल क्षेत्रमा च्याउका प्रजातिको खोजी थालिएको एक्याप मनाङका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रारम्भिक दुई दिनको स्थलगत अध्ययन र खोजीका क्रममा टोलीले सो क्षेत्रबाट करिब ४५ भन्दा बढी प्रजातिका च्याउ फेला पारी अभिलेखीकरण गरिएको छ । सङ्कलन गरिएका च्याउमध्ये कुन खानयोग्य, कुन औषधीय गुण भएका र कुन विषालु छन् भन्नेबारे प्रजाति पहिचान र विस्तृत वैज्ञानिक प्रतिवेदन लेखनकार्य भइरहेको एक्यापले जनाएको छ ।

यहाँका आदिवासी जनजाति र हिमाली समुदायमा च्याउसम्बन्धी परम्परागत ज्ञान रहेको छ । भुजेलले भन्नुभयो, "पुस्तौँदेखि स्थानीयले कुन च्याउ खाने र कुन नखाने भनेर छुट्याउने आफ्नै मौलिक पहिचानको तरिका रहेको छ । तर, आधुनिक पूर्वाधार निर्माण र वन विनासका कारण यस्ता महत्त्वपूर्ण वनस्पति र सूक्ष्म जीव हराउँदै जान थालेपछि एक्यापले सङ्कलन र डकुमेन्टेसनको कामलाई प्राथमिकता दिएको हो । यस सर्वेक्षणले भविष्यमा च्याउजन्य प्राकृतिक स्रोतको दिगो संरक्षण, परम्परागत ज्ञानको पुस्तान्तरण र वैज्ञानिक उपयोगका लागि नीति निर्माण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छ ।

**शोधभर्ना योजना**

नेपालको वन नियमावली र संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधार निर्माणसम्बन्धी कार्यविधिअनुसार वातावरणीय क्षति पुऱ्याएबापत जलविद्युत् प्रवर्द्धक कम्पनीले कडा कानुनी दायित्व पूरा गर्नुपर्ने प्रावधान रहेको छ । १:१० को अनुपातमा १८ हजार ३९० बिरुवाको वृक्षरोपण गर्नुपर्ने र एक हजार ८३९ वटा रुख र पोलको शोधभर्नाबापत आयोजनाले १:१० को अनुपातमा कुल १८ हजार ३९० वटा नयाँ बिरुवा रोप्नुपर्ने प्रावधान रहेको एक्यापले जनाएको छ ।

उक्त बिरुवालाई पाँच वर्षसम्म गोडमेल गर्ने, घेराबार गर्ने र हुर्काएर वन कार्यालयलाई हस्तान्तरण गर्ने सम्पूर्ण वित्तीय तथा व्यवस्थापकीय जिम्मेवारी प्रवर्द्धक कम्पनीकै हुनेछ । जग्गा सट्टाभर्ना आयोजनाले स्थायी संरचनाका लागि प्रयोग गर्ने ३३.०४७ हेक्टर राष्ट्रिय वन क्षेत्रको सट्टामा कम्पनीले सोही क्षेत्रफलबराबरको निजी जग्गा आफ्नै खर्चमा खरिद गरी वन मन्त्रालयको नाममा रजिस्ट्रेसन पास गरिदिनुपर्ने कानुनी बाध्यता छ । *रासस*

# अदुवा खेती गर्न थालेपछि बाँदर हराउँदै

पर्वत, ३० असार । पैँयू गाउँपालिकामा यहाँका किसानले ६० रोपनी जग्गामा सामूहिक अदुवाखेती गर्न थालेपछि क्रमश: बाँदर हराउँदै जान थालेका छन् ।

अदुवा नगदे तथा मसला बाली हो । दक्षिण पर्वत अधिकारीडाँडामा ४० जना कृषकले बाँदरलगायत अन्य वन्यजन्तुबाट पीडित भएपछि मकै बालीलाई विस्थापित गर्दै अदुवाखेती गरेका हुन् ।

गत वर्ष पाँच रोपनीमा सोचेभन्दा धेरै आम्दानी भएपछि यस वर्ष ६० रोपनी क्षेत्रफलमा अदुवाखेती विस्तार गरिएको समूहका अध्यक्ष हुमलाल अधिकारीले जानकारी दिनुभयो ।

गत वैशाखमा गरिएको अदुवाखेती आगामी पुस महिनामा खनेर बजार पठाइने भएको छ । यहाँका प्रत्येक कृषकले चारदेखि छ क्विन्टल अदुवा रोपेका छन् । गत वर्ष झन्डै ६० क्विन्टल अदुवा बिक्री गरेर रु. छ लाख आम्दानी गरेका कृषकले यस वर्ष दस मेट्रिक टनभन्दा बढी उत्पादन हुने अनुमान छ ।

मकै र कोदो खेती गर्न छोडेपछि बाँदर हराउँदै गए । आम्दानी पनि दोब्बर भयो । स्थानीय 'नशे' जातको अदुवालगायतका कृषक उत्पादन राम्रो भएपछि अदुवाखेतीमा पल्किएका छन् ।

अदुवाखेतीको प्रवर्द्धन र कृषक प्रोत्साहनका लागि कृषि विकास कार्यलय पर्वतले बीउमा प्रतिकिलो रु. एक सय र बजार मूल्यमा प्रतिकिलो रु. ५० का दरले अनुदान उपलब्ध गराएको छ । यस वर्ष पालिकाले समूहलाई थप रु. तीन लाख अनुदान दिएको कृषि विकास कार्यालय पर्वतका प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो ।

नेपाल विश्वको चौथो ठूलो अदुवा उत्पादक राष्ट्र हो । उत्पादनको झन्डै ६० प्रतिशत अदुवा भारतलगायतका देशमा निर्यात हुन्छ । ग्रामीण अर्थतन्त्र उकास्न र कृषकको आयआर्जन बढाउन अदुवा बाली महत्त्वपूर्ण मानिन्छ ।

नेपालका ६९ जिल्लामा अदुवाको व्यावसायिकखेती हुन्छ । जसमध्ये इलाम, सल्यान, पाल्पा, डोटी, मकवानपुर र धनकुटा प्रमुख अदुवा उत्पादन गर्ने जिल्लामा पर्छन् । *रासस*

मजदुर
३१ असार, २०८३ (15 July, 2026)



**। सम्पादकीय ।**

# लोकप्रिय हुन खोज्दा झन् अलोकप्रिय

कुनै पनि राजनीतिक दललाई चिन्ने र बुझ्ने आधार त्यस दलको सिद्धान्त र विचार हो । दलको सिद्धान्त र विचारलाई व्यवहारमा कार्यान्वयन गर्नेतर्फ लागेको छ कि छैन, त्यो अर्को महत्त्वपूर्ण पाटो हो । आकर्षक र मीठा मीठा कुरा फलाकेर जनतालाई आश्वस्त पारेर मन जित्ने कुनै पनि राजनीतिक दलको काममा जनताले आँखा चिम्लेर समर्थन गर्नुहुँदैन; विश्वास गर्नु हुँदैन । नेपाली भूमि छोडेर कमाउ धन्दामा लागी विदेश छिरेका व्यापारी र व्यवसायीहरूले राजनीतिमा लागेर के शोषित पीडित जनताको पक्षमा राजनीति गर्लान् ? सरकारले देखाउन खोजेको प्राथमिक काम नै श्रमजीवी, गरिब, निमुखाजस्ता काम गरी खाने जनताको उठिवास परेको छ; स-साना व्यवसाय सञ्चालन गरेर जीवन जोहो गर्ने व्यवसायीहरूको काम खोस्ने, लुट्ने, छताछुल्ल पार्ने, लखेट्ने, जरिवाना गर्ने रहेको छ । शोषित पीडित तथा श्रमजीवीवर्गको मत लिएर श्रमजीवीवर्गकै हातमुख जोड्ने व्यवसायमा हस्तक्षेप गर्ने, बस्ती उठाउने काम नै यो सरकारको पहिलो प्राथमिकतामा परेको छ ।

सरकारले किसानहरूको निम्ति रासायनिक मल आपूर्ति गर्ने सकेन; मल गाउँ-बस्तीसम्म सुलभ गराउन सकेन । मजदुरहरूको जीवन सुनिश्चित गर्न बन्द भएका उद्योग सञ्चालन गरेन र आवश्यकताअनुसार नयाँ नयाँ उद्योग स्थापना गर्न सकेन । गरिब जनताका छोराछोरीले पनि उच्च शिक्षा हासिल गर्न पाउने संवैधानिक व्यवस्थाअनुसार कक्षा १२ सम्म नि:शुल्क अध्ययन गर्ने अवसर दिएन । उच्च शिक्षासम्म नि:शुल्क अध्ययन गर्ने व्यवस्था त कुन चराको नाउँझैं छ । नेपाल र नेपाली जनताको हित र स्वार्थभन्दा विदेशी र विदेशी शक्ति राष्ट्रको स्वार्थ र हित खोज्ने कुनै पनि दलको सरकार साँचो मानेमा देशभक्त हुनेछैन । नेपाली भूमि छोडेर अमेरिका पस्ने, भारतको उठबसमा बस्ने, अमेरिका र भारतभक्त शासकहरूको देशको विकास गर्लान् ? बहुमत जनताको सेवा गर्लान् ? विचारणीय छ ।

देश विदेशी ऋणमा टेकेको छ । देश भ्रष्टाचारी, कमिसनखोर, बिचौलिया, ठुलठुला उद्योगपति, व्यापारीहरूको भरमा अडेको छ । जस्तोसुकै अपराध, गल्ती, अनियमितता गरे पनि आफ्नालाई छोड्ने र अरुलाई पेल्ने विगतको कार्यशैलीलाई यो सरकारले पनि निरन्तरता दिएको छ । यस वर्षको विकास खर्च कमजोर देखिएको छ । अहिले नेपालको न्यून आर्थिक वृद्धि, कमजोर निजी लगानी, उत्पादनमूलक क्षेत्रको सङ्कुचन, युवाहरूको तीव्र विदेश पलायनजस्ता समस्या विगतमा झैं यो सरकारको लागि पनि चुनौती बनेको छ । राज्यले विकास खर्चमार्फत अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने हो । तर, विकासको बजेट खासै खर्च गर्न सकिएन । बजेटमा आकर्षक र ठुलाठुला योजना राखेर जनताको ध्यान खिच्ने तर कार्यान्वयन नगर्ने सरकारको कार्यमा जनताको विश्वास गुम्दै गएको छ । नेपालको आर्थिक चुनौती राजस्व अभाव मात्र होइन; विकासमा लगानी गर्ने इच्छाशक्ति र क्षमता दुवैको अभाव देखिएको छ । विकास बजेट नै खर्च गर्न नसक्ने सरकारले देशमा के परिवर्तन गर्न सक्छ ? जनताको जीवनमा कसरी परिवर्तन ल्याउन सक्छ ?

नयाँ सरकारले देश र जनताको लागि केही गर्ला भन्ने विश्वास जनतामा हुनु स्वाभाविक हो । त्यही आशाले रास्वपालाई जनताले मत दिएका थिए । जनताले त्यो मत रास्वपाको विचार सही भएर या बुझेर दिएका होइनन् । पुराना सरकारको नेतृत्व गर्ने दलहरूदेखि असन्तुष्ट र वाक्कदिक्क भएरै जनताले विकल्प खोजेका हुन् । तर, सरकारको कार्यशैली हेरेर रास्वपालाई मत दिएका युवा, विद्यार्थी, किसान, मजदुर, सुकुमवासी तथा सर्वसाधारण जनता हामीले दिएको मत खेर गयो, अब मत दिने छैन भनी रास्वपाको विरोध गर्न थालेका छन् । उनीहरूले प्रश्न गर्न थालेका छन्, के हामी बस्तीबाट उठेर जान, काम गरेर खाने श्रमजीवीलाई आत्मदाह गर्न बाध्य पार्न मत दिएको हो ? जीवनको सुनिश्चितता, शान्ति, सुरक्षा खोइ भनी उनीहरूले प्रश्न गर्न थालेका छन् । यसरी नेपाली जनता यो सरकार पहिलेभन्दा झन् काम लाग्दैन भनी असन्तोष व्यक्त गर्न थालेका छन्; विरोध गर्न थालेका छन् । लोकप्रिय हुन लागेको सरकार एकपछि अर्को अलोकाप्रिय बन्दै गएको स्थिति छ ।

# गोरो अर्जेन्टिनाको मिथकले अझै पनि राष्ट्रलाई आकार दिइरहेको छ

**● फेडेरिको पिटा**

मार्चको अन्तमा, संयुक्त राष्ट्र सङ्घको महासभाले घानाको नेतृत्व र अफ्रिकी सङ्घ र क्यारिबियन समुदाय (CARICOM) को समर्थनमा, ट्रान्सएट्लान्टिक दास व्यापार र च्याटल दासत्वलाई मानवताविरुद्धको सबैभन्दा ठुलो अपराधको रूपमा मान्यता दिँदै र क्षतिपूर्तितर्फ ठोस कदम चाल्न आह्वान गर्दै ऐतिहासिक प्रस्ताव पारित गऱ्यो । कुल १२३ सदस्य राष्ट्रले उक्त पहललाई समर्थन गरे । धेरैजसो युरोपेली पूर्वऔपनिवेशिक शक्तिहरू अलग्ग थिए । केवल तीन देशले यसको विपक्षमा मतदान गरे - संयुक्त राज्य अमेरिका, इजरायल र अर्जेन्टिना राष्ट्रपति जेभियर मिलेइको नेतृत्वमा ।

दासत्व र औपनिवेशिकताको समसामयिक नतिजालाई सम्बोधन गर्ने आवश्यकतालाई बहुसङ्ख्यक देशहरूले स्वीकार गरे पनि, सरकारहरूको एउटा सानो समूह त्यही अनुभवहरूद्वारा निर्मित अन्तर्राष्ट्रिय व्यवस्थाको प्रतिरक्षा गर्न उत्प्रेरित भयो । अर्जेन्टिनाको भोटले वर्तमान सरकारले कुन पक्षलाई रोजेको छ भनेर प्रस्ट पारेको छ । तथापि, त्यो निर्णयले गहिरो ऐतिहासिक निरन्तरता झल्काउँछ । अर्जेन्टिनाको क्षतिपूर्तिको अस्वीकृति राज्य-प्रायोजित परम्पराको अंश हो जसले राष्ट्रलाई आफ्नो स्वतन्त्रतापछि, विशिष्ट जातीय पदानुक्रममा आधारित बनाएको




छ । संयुक्त राष्ट्र सङ्घको प्रस्तावको विरुद्धमा भएको मतदानले १९ औँ शताब्दीदेखि अर्जेन्टिनाको इतिहासलाई संरचित गरेको शक्तिको संरचनालाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गरेको छ ।

अर्जेन्टिना राज्यको गठन यसको अभिजातवर्गको जनसाङ्ख्यिकीय र सांस्कृतिक गोराकरणको स्पष्ट परियोजनाद्वारा चिन्हित गरिएको थियो । तिनीहरूको दृष्टिकोणले युरोपेली आप्रवासनलाई सभ्यता र प्रगतिको विशेषाधिकार प्राप्त वाहनको रूपमा ढाँचाकृत गऱ्यो । १८५३ को संविधानको मुख्य बौद्धिक वास्तुकार, जुआन बाउटिस्टा अल्बर्डीले यसलाई 'शासन गर्नु भनेको जनसङ्ख्या बढाउनु हो' भन्ने वाक्यांशमा सार गर्नुभयो । यो तर्क संविधानको अनुच्छेद २५ मा सम्मिलित गरिएको थियो, जसले राज्यलाई युरोपेली आप्रवासनलाई सक्रिय रूपमा प्रवर्द्धन गर्न निर्देशन दिएको थियो । उक्त धारा, त्यसबेलादेखि, हरेक संवैधानिक सुधारमा बाँचेको छ । न त १९४९ को सामाजिक संविधानले न त १९९४ को लोकतान्त्रिक सुधारले युरोपलाई राष्ट्रको वाञ्छनीय क्षितिजसँग जोड्ने सिद्धान्तलाई परिवर्तन गऱ्यो ।

यस संस्थागत वास्तुकलाले ल्याटिन अमेरिकाको सबैभन्दा चिरस्थायी राष्ट्रिय कथाहरूमध्ये एकलाई समेकित गऱ्यो कि अर्जेन्टिना एक सेतो र युरोपेली समाज हो । अर्जेन्टिनावासीहरू 'जहाजबाट आएका' भन्ने मिथकले सार्वजनिक नीति, विद्यालय प्रवचन र ज्ञान उत्पादनलाई आकार दियो, जबकि आदिवासी र अफ्रो-वंशज जनसङ्ख्यालाई सिमान्तमा धकेलियो । परिणाम जातीय अस्वीकार्यताको एक विशिष्ट रूप थियो । अर्जेन्टिना राज्यले राष्ट्रिय पहिचान निर्माण गऱ्यो जसले आफ्नै जनसङ्ख्याको ठुलो भागलाई मेटाएर अस्वीकार गऱ्यो, राष्ट्रको विश्वव्यापी प्रतिनिधित्वमा गोरोपनालाई उचाल्यो । आज पनि, ठुलो मात्रामा जातीय बहुसङ्ख्यकहरू मिलेर बनेको देशलाई संस्थागत रूपमा एक समान युरोपेली समाजको रूपमा वर्णन गरिँदै छ ।

अफ्रो-अर्जेन्टिनाको मेटाइ यस प्रक्रियाको स्पष्ट अभिव्यक्तिमध्ये एक हो । १९ औँ शताब्दीको प्रारम्भमा, अफ्रिकी वंशका मानिसहरूले जनसङ्ख्याको लगभग एकतिहाइ बनायो र देशको आर्थिक, सामाजिक, सांस्कृतिक र सैन्य संरचनाहरूमा निर्णायक भूमिका खेलेको थियो । तैपनि, विद्यालय प्रवचन, जनगणना र मुख्यधाराको इतिहास लेखनले उनीहरूको प्राकृतिक लोपकरणको विचारलाई बढावा दियो, बहिष्करणको इतिहासलाई जनसाङ्ख्यिकीय अपरिहार्यतामा रूपान्तरण गऱ्यो । आदिवासी जनजातिहरूले निरन्तर जनसाङ्ख्यिकीय, क्षेत्रीय र सांस्कृतिक सान्दर्भिकताको बाबजुद अवशिष्ट अल्पसङ्ख्यकको रूपमा चित्रण गरी समानान्तर प्रक्रियाबाट गुज्रिएका छन् । अर्जेन्टिनाको जातीय अस्वीकार्यताले यसरी व्यवस्थित रूपमा आदिवासीहरूलाई अल्पसङ्ख्यक बनायो र अफ्रो-अर्जेन्टिनीहरूलाई राष्ट्रिय कथाबाट मेटिदियो ।

वर्तमान स्वतन्त्रतावादी प्रशासनले मान्यता र समाधानको उद्देश्यले राज्य संरचनाको विघटन गरेर यो परम्परालाई गहिरो बनाएको छ । भेदभाव, जेनोफोबिया र नस्लवादविरुद्धको राष्ट्रिय संस्थानको बन्दले जातिवादविरोधी सार्वजनिक नीतिमा समर्पित केही संस्थागत स्थानहरूमध्ये एकलाई हटायो : अफ्रो-अर्जेन्टिना समुदायको ऐतिहासिक मान्यताको लागि आयोग । यो आयोग ऐतिहासिक रूपमा पूर्ण नागरिकताबाट बहिष्कृत जनसङ्ख्याको लागि मान्यता र सुधारका उपायहरू प्रवर्द्धन गर्न सिर्जना गरिएको थियो र यसको महत्त्व अर्जेन्टिनाभन्दा बाहिर फैलिएको छ । मानव अधिकारसम्बन्धी अन्तर-अमेरिकी आयोग (IACHR) र यसको आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय अधिकारसम्बन्धी विशेष प्रतिवेदन (REDESCA) ले यसको सिर्जनालाई महत्त्वपूर्ण संस्थागत प्रगतिको रूपमा पहिचान गरेको थियो । यसको विघटनले अफ्रो-अर्जेन्टिनाको सक्रियताको दशकहरूमा निर्मित केही सीमित संस्थागत उपकरणहरूलाई पूर्ववत गर्ने राजनीतिक निर्णयलाई झल्काउँछ ।

हालैका दशकहरूमा, पश्चिमी सरकार, राजतन्त्र र संस्थाहरूले ऐतिहासिक अपराधहरूलाई प्रतीकात्मक इसाराहरूमार्फत स्वीकार गर्दै आएका छन् । साङ्केतिक मान्यताको यो व्यवस्थाले प्राय: क्षमाको लिटर्जी भनिने एक रूपको रूपमा कार्य गर्दछ : यसले ऐतिहासिक अन्यायलाई स्वीकार गर्दछ, यसको सबैभन्दा चरम अभिव्यक्तिको निन्दा गर्दछ । तर, यसको फाइदा उत्पादन गर्ने भौतिक संरचनालाई अक्षुण्ण छोड्छ । क्षतिपूर्तिले यस सिमानालाई स्मृतिबाट सम्पदा, शक्ति र नागरिकताको समसामयिक वितरणमा सार्दै विघटन गर्दछ । यस सन्दर्भमा, जेभियर मिलेइले अर्जेन्टिनालाई डोनाल्ड ट्रम्प र बेन्जामिन नेतन्याहुको नेतृत्वको वरिपरि व्यक्त गरिएको राजनीतिक खेमासँग पङ्क्तिबद्ध गरेका छन्, जसले प्रतीकवादको बारेमा पनि छलफल गर्दैनन् । यो अभिसरण कूटनीतिक सम्बन्धभन्दा बाहिर छ । यसले अन्तर्राष्ट्रिय व्यवस्थाको साझा बुझाइलाई प्रतिबिम्बित गर्दछ, जसमा ऐतिहासिक पदानुक्रमको रक्षा - जातीय, भूराजनीतिक र आर्थिक हिसाबले मुख्य भूमिका खेल्छ । यो कुनै संयोग होइन कि यी नेताहरूले बारम्बार 'पश्चिम' लाई खतरामा रहेको सभ्यताको रूपमा आह्वान गर्छन् जसको रक्षा गर्नुपर्छ । यस ढाँचाभित्र, दासत्व र औपनिवेशिकताको क्षतिपूर्तिका मागहरू पश्चिमी नैतिक अख्तियारको स्थापना भएको प्रतीकात्मक




आधारहरूका लागि चुनौतीको रूपमा भन्दा ऐतिहासिक न्यायको विस्तारको रूपमा कम देखिन्छ ।

मार्चको भोटले मिलेइ आफैँभन्दा बाहिरको ऐतिहासिक निरन्तरता प्रकट गर्दछ । अन्तर्राष्ट्रिय समुदायले दासत्वको समसामयिक विरासतहरूमा नयाँ सहमतितर्फ अघि बढ्दै गर्दा, अर्जेन्टिनाको राज्यले राष्ट्रलाई गोरोपनासँग बराबरी गर्ने र जातीय बहुसङ्ख्यकहरूलाई अदृश्य रूपमा प्रस्तुत गर्ने परम्परामार्फत कार्य गर्न जारी राख्छ । यो अर्जेन्टिनाको जातीय अस्वीकार्यताको गहिरो तर्क हो : शक्तिको एक रूप जसले युरोपेली अर्जेन्टिनाको नाममा बोल्न जारी राख्छ जुन त्यहाँका जनताको सामाजिक वास्तविकतामा भन्दा राज्यको कल्पनामा धेरै बलियो रूपमा अवस्थित छ ।

*(लेखक फेडेरिको पिटा उहाँ अफ्रो-अर्जेन्टिना सङ्गठन डायस्पोरा अफ्रिकाना डे ला अर्जेन्टिना (DIAFAR) का संस्थापक र अध्यक्ष हुनुहुन्छ । पिटा युनिभर्सिटी अफ ब्युनस आयर्स (UBA) बाट स्नातक गरेका राजनीतिशास्त्री हुनुहुन्छ । मेट्रोपोलिटन युनिभर्सिटी फर एजुकेसन एन्ड लेबर (UMET) मा नस्लवाद र असमानताको अध्ययनका लागि न्यूक्लियसका निर्देशक हुनुहुन्छ र कार्य समूह 'एन्टी-जातिवाद र अफ्रो-डिसेन्डेन्स अफ दि साइन्स काउन्सिल' का संयोजक हुनुहुन्छ । सम्पादकीय क्षेत्रमा, उहाँ पुस्तक Antirracismo को सम्पादक हुनुहुन्छ । Pensamiento y praxis en clave afrolatinoamericana (२०२५) र Negrx को सम्पादक, प्रतिष्ठित अर्जेन्टिनाको अखबार Página/१२ को जातीयविरोधी खण्ड । थप रूपमा, उनले ऐतिहासिक क्षतिपूर्ति, अफ्रो-वंश, जाति र नस्लवादका मुद्दाहरूमा अन्तर्राष्ट्रिय फोरमहरूमा वक्ताको रूपमा हुनुहुन्छ ।)*

**अनुवाद : प्रकृति**

**- 'ज्याकोबिन डटओआरजी' बाट**

# २५० वर्षमा अमेरिका विवादित विगतबाट फासीवादी भविष्यतर्फ ? – २

✍ वाल्डेन बेलो



**वर्गीय चेतनाविरुद्ध जातीय ऐक्यबद्धता**

गृहयुद्धपछि दोस्रो प्रकारको 'शासक नश्ल लोकतन्त्र' को राज चल्यो। दासप्रथाबाट मुक्त भए तापनि यो व्यवस्था गोराहरूको श्रेष्ठताको भावनाले पूर्ण रूपमा ओतप्रोत थियो। जहाँ गृहयुद्धपछिको पुनर्निर्माण कालको दक्षिण क्षेत्रमा काला जातिका मानिसहरूलाई अनौपचारिक रूपमा राजनीतिक अधिकारहरूबाट वञ्चित गर्नु र राज्य तथा नागरिक समाजद्वारा निर्देशित आतङ्क सामान्यजस्तै थियो। त्यस्तै, उत्तर क्षेत्रमा काला जातिका मानिसहरूको मताधिकारप्रतिको कमजोर सहनशीलतासँगै व्यवस्थित सामाजिक र आर्थिक भेदभाव व्याप्त थियो।

तीव्र औद्योगिकीकरणले उन्नाइसौँ शताब्दीको उत्तरार्द्धमा युरोपबाट करिब १ करोड ६० लाख आप्रवासीहरूलाई आकर्षित गऱ्यो। जसले मुख्य रूपमा गोरा एङ्ग्लो-स्याक्सन पुँजीपतिवर्ग र एक बहुराष्ट्रिय तथा बहुजातीय श्रमिकवर्गबिच कडा तनाव पैदा गरिदियो। तथापि, पुस्तौँ पुस्ता हस्तान्तरण हुँदै आएको आधारभूत लकवादी मनोविज्ञानको दुईतर्फी प्रभाव देखियो : निम्न-पुँजीवादी चेतनाले वर्गमा आधारित ऐक्यबद्धतालाई कमजोर बनायो, जबकि स्वतन्त्रता र लोकतन्त्र आफ्ना लागि मात्र विशेषाधिकार हुन् भन्ने गोराहरूबिचको अघोषित तर वास्तविक बुझाइले नश्लमा आधारित ऐक्यबद्धतालाई अझ बलियो बनायो। सधैँझैँ लचिलो बन्दै देशको उदाउँदो पुँजीवादी अर्थतन्त्रले गोराहरूको वर्चस्वसँग सम्झौता गऱ्यो, श्रम शक्तिलाई नश्लका आधारमा वर्गीकरण गऱ्यो र ट्रेड युनियनहरूको सङ्गठन पनि ठूलो मात्रामा नश्लीय आधारमै अघि बढ्यो। कोरियाली युद्धको केही समय अघिसम्म सेनामा पनि रङ्गभेद नै नियमका रूपमा लागू थियो। यद्यपि, काला जातिका मानिसहरूले स्वतन्त्रता सङ्ग्रामकै समयदेखि नै प्रमाणित गरिसकेका थिए कि उनीहरू पनि गोराहरू सरह नै आफ्नो देशका लागि लड्न र मर्न सक्षम छन्। दोस्रो विश्वयुद्धका दौरान जापानी-अमेरिकीहरूले पनि ठूलो मूल्य चुकाएर यही कुरा साबित गरेका थिए।

कमजोर वर्गीय ऐक्यबद्धता र बलियो जातीय ऐक्यबद्धता नै ती दुई ध्रुवहरू थिए, जसको बिचमा गृहयुद्धदेखि पचासको दशकको अन्त्य र साठीको दशकको सुरुवाती समयमा भएको नागरिक अधिकार आन्दोलनसम्मको अमेरिकी श्रमिकवर्गको कष्टकर इतिहास विकसित हुने थियो।

यही अवधिमा संयुक्त राज्य अमेरिकाले उत्तर अमेरिकाभन्दा बाहिर आफ्नो पहुँच विस्तार गऱ्यो र यसो गर्दा उसले आफ्नो 'लकवादी विरोधाभास' लाई पनि निर्यात गऱ्यो। यसले फिलिपिन्स, दोस्रो विश्वयुद्धको समयमा प्रशान्त क्षेत्र, कोरिया र भियतनाममा विस्तारवादी तथा साम्राज्यवादी युद्धहरू लड्यो। यीमध्ये अधिकांश युद्धहरू आफ्नो तीव्रताको हिसाबले नरसंहारकारी थिए। तर, अमेरिकी नीति-निर्माताहरूको नश्लीय अन्धता यति बलियो थियो कि, उनीहरूले नरसंहार (जसलाई 'प्रविधि-सघन युद्ध' को आवरण दिइएको थियो) र अमेरिकी शैलीको लोकतन्त्र निर्यात गर्ने आफ्नो घोषित अभियानबिच कुनै विरोधाभास देखेनन्। किनभने, उनीहरूको अघोषित मान्यता के थियो भने लोकतान्त्रिक अधिकारहरूको पूर्ण प्रयोग र उपभोग गर्न गोराहरू मात्र सक्षम र हकदार छन्। लोकतन्त्र एउटा उपयोगी भ्रम थियो, जुन प्रायः तानाशाही सहयोगी र मित्रवत् सम्भ्रान्तहरूद्वारा आफ्ना जनतामाथि थोपरिएको थियो।

**'दक्षिणी रणनीति'**

सन् १९६० को दशकको नागरिक अधिकार आन्दोलन 'शासक नश्ल लोकतन्त्र' माथिको प्रत्यक्ष प्रहार थियो। केही समयका लागि पछि हट्न बाध्य भएको यो प्रवृत्ति, १९७० र १९८० को दशकमा कुख्यात 'दक्षिणी रणनीति' (Southern Strategy) को रूपमा अमेरिकी राजनीतिको विकासक्रमलाई चुनौती दिन पुनः उदायो। यस रणनीतिअन्तर्गत, रिपब्लिकन पार्टीले खुला रङ्गभेद र 'साङ्केतिक राजनीति' (Dog-whistle politics) दुवैको प्रयोग गर्दै नागरिक अधिकार आन्दोलनसँग डेमोक्रेटिक पार्टीले गरेको गठबन्धनबाट धोका पाएको महसुस गरिरहेका दक्षिणी गोराहरूलाई आकर्षित गर्न आफ्नो छवि र चरित्रलाई बदल्यो। अति-दक्षिणपन्थी रिपब्लिकनहरूले डेमोक्रेटिक पार्टीको नेतृत्वले नवउदारवादी नीतिहरू अपनाएका कारण सिर्जना भएको उत्तरी श्रमिकहरूको आर्थिक असुरक्षाको पनि कुशलतापूर्वक फाइदा उठाए। उनीहरूले श्रमिकहरूको रोजगारी गुम्नु र आम्दानी स्थिर रहनुको दोष डेमोक्रेटिक पार्टीले अल्पसङ्ख्यक र आप्रवासीहरूलाई 'काखी च्यापेको' कुरालाई दिए। शताब्दीको अन्त्यतिर आइपुग्दा, रिपब्लिकन पार्टी गोरा वर्चस्ववादीको पार्टी बन्ने दिशामा निकै अगाडि बढिसकेको थियो। यस प्रक्रियाले डोनाल्ड ट्रम्पको नेतृत्वमा आफ्नो उत्कर्ष चुमेको छ, जसले २०१६, २०२० र २०२४ का चुनावहरूमा ५४-५५ प्रतिशत गोरा मतदाताहरूको समर्थन प्राप्त गर्दै गोरा मतदाताहरूको स्पष्ट बहुमतमाथि आफ्नो नियन्त्रण कायम गरे।

रिपब्लिकन पार्टीको सन्दर्भमा जस्तै, सामाजिक प्रतिक्रान्तिले संयुक्त राज्य अमेरिकाका अन्य राजनीतिक संस्थाहरूलाई पनि यति धेरै जातीयतामा आधारित उग्र बनाइदिएको छ कि, चार्ल्स मिल्सको शब्दमा भन्नुपर्दा, 'खुला गोरा-वर्चस्ववादी विचारधारा र कानुनी अधीनताका खुला नियमहरूको अनुपस्थितिमा पनि गोराहरूको प्रभुत्वको प्रणाली निरन्तर चलिरहेको छ।'




**गतिवर्धक तत्त्वहरू**

हालैका वर्षहरूमा, गोरा जातिमा व्याप्त डरलाई तीनवटा उत्तेजक तत्त्वहरूले थप प्रज्वलित गरिदिएका छन्।

सन् २००८ मा बाराक ओबामाको राष्ट्रपति पदमा भएको निर्वाचन सम्भवतः गोरा राष्ट्रवादका लागि सबैभन्दा ठूलो एकल गतिवर्धक तत्त्व थियो। यसका साथै, धेरै गोरा पुरुषहरूमा आफूहरू यस्तो संसारमा अलपत्र परेको भावना पैदा भयो जहाँ परम्परागत लैङ्गिक पदानुक्रमहरू धरमराइरहेका थिए, द्वैध लैङ्गिक वर्गीकरणलाई त्यागिँदै थियो, महिलाहरूले आफ्नो शरीरमाथि नियन्त्रण पाउन थालेका थिए र नयाँ पारिवारिक व्यवस्थाहरूका कारण 'विषम लैङ्गिक-पितृसत्तात्मक परिवार' (Heteropatriarchal family) को परम्परागत मान्यतामाथि प्रश्न उठिरहेको थियो।

आप्रवासीहरूलाई सधैँ शङ्काको दृष्टिले हेरिँदै आएको भए तापनि, हालैका दशकहरूमा ठूलो सङ्ख्यामा गैरगोरा मानिसहरूको आगमनले धेरै गोराहरूलाई 'ग्रेट रिप्लेसमेन्ट थ्योरी' (महान् विस्थापन सिद्धान्त) प्रति संवेदनशील बनाइदियो। फ्रान्सेली अति-दक्षिणपन्थी विचारक रेनो कामु (Renaud Camus) द्वारा लोकप्रिय बनाइएको यस सिद्धान्तले 'ग्लोबल साउथ' बाट हुने आप्रवासन, सन् २०४० को दशकसम्ममा गोरा बहुसङ्ख्यकलाई अल्पसङ्ख्यकमा परिणत गर्न उदारवादी सम्भ्रान्तवर्गले रचेको एउटा षड्यन्त्र हो भन्ने दाबी गर्छ।

यी सबैले डोनाल्ड ट्रम्पको उदयका लागि पृष्ठभूमि तयार पारे, जसलाई सीआईएकी राजनीतिक विश्लेषक बारबरा वाल्टरले 'सबैभन्दा ठूला जातीय उद्यमी' को संज्ञा दिएकी छन्। उनका अनुसार, "विगत पचास वर्षमा कुनै पनि रिपब्लिकन राष्ट्रपतिले यति धेरै नश्लभेदी एजेन्डा अगाडि बढाएका थिएनन् वा अन्य सबैको मूल्यमा गोरा, इभान्जेलिकल (Evangelical) अमेरिकीहरूको यसरी वकालत गरेका थिएनन्।"

**भविष्यका लागि सङ्घर्ष**

सन् १९७६ मा जब संयुक्त राज्य अमेरिकाले आफ्नो स्थापनाको २०० औँ वर्ष मनाउँदै थियो, म सान फ्रान्सिस्कोमा थिएँ। त्यतिबेला चौतर्फी रूपमा एउटा राहतको महसुस गरिएको थियो; देशले नागरिक अधिकार आन्दोलनको युग, भियतनाम युद्ध र वाटरगेट काण्डका विभाजनहरूलाई पछाडि छोड्दै छ भन्ने भावना व्याप्त थियो। तर, आज जब संयुक्त राज्य अमेरिकाले आफ्नो २५० औँ वर्ष मनाउँदै छ, तब निराशा र आक्रोश हाबी देखिन्छ। ग्यालोप पोलको एक सर्वेक्षणअनुसार, सन् २०१५ मा ७८ प्रतिशतले 'अमेरिकी हुन पाउँदा निकै वा अत्यधिक गर्व लाग्छ' भनेका थिए, जुन सङ्ख्या घटेर अहिले मात्र ३१ प्रतिशतमा झरेको छ।

संयुक्त राज्य अमेरिका एउटा यस्तो 'मेल्टिङ पट' (Melting pot) हो जसले आफ्ना कमजोरीहरूका बाबजुद विश्वलाई लोकतान्त्रिक शासनको एउटा नमुना प्रदान गर्छ भन्ने उदारवादी सहमति अब वामपन्थी कोणबाट भएका आलोचनात्मक प्राज्ञिक अध्ययनहरूका सामु टिक्न सकेको छैन।

सिनेटर क्रिस मर्फी (डेमोक्राय्ट-कनेक्टिकट) देखि अभिनेता रोबर्ट डी निरोसम्मका ठूलो सङ्ख्याका नागरिकहरूमा गम्भीर आशङ्का छ कि यदि ट्रम्प र रिपब्लिकनहरू सन् २०२८ को निर्वाचनमा पराजित भए भने उनीहरूले शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गर्ने छैनन्। अन्य केही कलाकारहरू, जस्तै एलेन डिजेनेरेस र रोजी ओडोनेलले भने त्यो परिणाम पर्खेर बसेनन् र उनीहरू अन्य देशहरूमा पलायन हुने बाटो रोजिसकेका छन् *(यद्यपि, धेरैजसो अवस्थामा ट्रम्पप्रतिको वितृष्णासँगै कर तिर्नबाट बच्ने चाहना पनि खुसीसाथ जोडिएर आएको छ)*।

अर्कोतर्फ, डोनाल्ड ट्रम्पले सबैभन्दा बढी घृणा गर्ने शब्द- 'विविधता' लाई दक्षिणपन्थीहरूद्वारा नामेट पारिँदै छ र अमेरिकाको इतिहासलाई केवल गोराहरूको सिर्जनाका रूपमा पुनः व्याख्या र परिमार्जन गरिँदै छ। यो ठ्याक्कै त्यही मुख्य भाष्य हो जुन सन् १९५० को दशकमा हाबी थियो, जुन समयमा ट्रम्प हुर्किएका थिए।

सन् २०२० को रिपब्लिकन राष्ट्रिय महाधिवेशनमा राष्ट्रपतिका उम्मेदवारका रूपमा ट्रम्पले दिएको स्वीकृति भाषणमा यो भाष्य पूर्ण रूपमा प्रकट भएको थियो। त्यहाँ उनले भनेका थिए कि अमेरिकाको अद्वितीय विशेषता भनेको 'पशुपालक, खानी मजदुर, काउब्वाई, सेरिफ, किसान र अधिवासीहरू' द्वारा भूमि र पश्चिमतर्फ गरिएको विजयको भावना थियो र यो विजयी अभियान 'वायट अर्प, एनी ओक्ली, डेभी क्रोकेट र बफेलो बिल' जस्ता व्यक्तिहरूका कारण सम्भव भएको थियो। यसमा 'गोरा' शब्दको कुनै प्रत्यक्ष उल्लेख छैन, तर ट्रम्पको यो साङ्केतिक कूट-भाषा उनका 'मागा' (MAGA) समर्थकहरूलाई उत्साहित बनाउन पर्याप्त छ।

तथापि, अमेरिकी गणतन्त्रले आफ्नो २५० औँ वर्षमा प्रवेश गर्दा सामना गरिरहेको सबैभन्दा ठूलो सङ्कट अति-दक्षिणपन्थीहरूद्वारा अमेरिकी ऐतिहासिक भाष्यमाथि कब्जा जमाउने खतरा मात्र होइन। बरु, यो त हरेक विद्यालयका छात्रछात्रालाई 'अमेरिकी प्रयोग' को सबैभन्दा अमूल्य गहनाका रूपमा सिकाइने अवधारणा- 'शक्तिको पृथकीकरण' लाई एक यस्तो व्यक्तिद्वारा दृढतापूर्वक कमजोर बनाइनु हो। जसले निरङ्कुश सत्ता प्राप्त गर्ने आफ्नो चाहनालाई कहिल्यै लुकाएनन्। उनलाई रिपब्लिकनहरूको वर्चस्व रहेको संसद्बाट निकै कम प्रतिरोध भइरहेको छ, सर्वोच्च अदालतको मिलेमतो छ र उनको 'मागा' समर्थकहरूको यस्तो अन्धभक्तपूर्ण समर्थन छ जो उनीसँगै फासीवादतर्फ खुसीसाथ कदम मिलाएर अघि बढ्न तयार छन्।

अमेरिकी गणतन्त्रले आफ्नो २५० औँ वर्षमा प्रवेश गर्दा सामना गरिरहेको सबैभन्दा ठूलो सङ्कट अति-दक्षिणपन्थीहरूद्वारा अमेरिकी ऐतिहासिक भाष्यमाथि कब्जा जमाउने खतरा मात्र होइन। बरु, यो त हरेक विद्यालयका छात्रछात्रालाई 'अमेरिकी प्रयोग' को सबैभन्दा अमूल्य गहनाका रूपमा सिकाइने अवधारणा- 'शक्तिको पृथकीकरण' लाई एक यस्तो व्यक्तिद्वारा दृढतापूर्वक कमजोर बनाइनु हो।

यति हुँदाहुँदै पनि, गणतन्त्र पूर्ण रूपमा आशाविहीन भने छैन। यो आशा न्युयोर्कका मेयर जोहरान माम्दानीजस्ता प्रगतिशीलहरू र जून महिनाको अन्त्यमा भएका प्राथमिक चुनावहरूमा व्यापक जीत हासिल गर्ने युवा आमूल परिवर्तनकारीमा झल्किएको छ। यी यस्ता मानिसहरू हुन् जसले मार्गदर्शनका लागि 'संस्थापक पिताहरूको बुद्धिमत्ता' तर्फ फर्किएर हेर्दैनन्, बरु एउटा लोकतान्त्रिक, समाजवादी र साँच्चिकै समतामूलक एवं बहुजातीय भविष्यतर्फ हेर्छन्।

***समाप्त***

***स्रोत : काउन्टरपन्च/दायित्वबोध डटकमबाट***

***अनुवाद : केदार सिटौला***

मजदुर
३१ असार, २०८३ (15 July, 2026)






संरा अमेरिकाको बिडफोर्ड, मेइनमा अमेरिकी आप्रवासन तथा भन्सार कार्यान्वयन दल (आइसीई) ले एक निहत्था आप्रवासीलाई बिनाकारण गोली हानी हत्या गरेको विरुद्ध विरोध प्रदर्शन गर्दै आइसीईविरोधी कार्यकर्ताहरू जुलाई १३, २०२६ का दिन । ती मारिएका मानिसको परिचय कोलम्बियाबाट आएका २६ वर्षीय जोन सेवास्टियन गुरेरोको रूपमा रहेको छ ।

*तस्बिर : ग्यान मर्फी /एएफपी*

# हर्मुजबारे इरानी संसद्मा विधेयक पेस

तेहरान, ३० असार (एएफपी) । हर्मुज जलघाँटीको नियन्त्रण र व्यवस्थापनलाई लिएर अमेरिका-इरानबिच तनाव चुलिरहेका बेला इरानी संसद्मा उक्त रणनीतिक समुद्री मार्गको सुरक्षा तथा व्यवस्थापनसम्बन्धी विधेयक दर्ता गरिएको छ । इरानी संसद्को राष्ट्रिय सुरक्षा तथा विदेश नीति समितिका प्रमुख इब्राहिम अजिजीले यो विधेयकलाई देशको 'रेड लाइन' संरक्षणतर्फको पहिलो कदम भएको बताउनुभएको छ ।

अजिजीले सामाजिक सञ्जाल एक्समार्फत अमेरिकी ड्रोन खसालिएको घटनापछि 'हर्मुज जलघाँटी र पर्सियन खाडीको सुरक्षा तथा दिगो प्रगतिका लागि रणनीतिक कार्य' सम्बन्धी विधेयक औपचारिक रूपमा संसद्मा दर्ता गरिएको जानकारी दिनुभयो । उहाँले विशेषगरी हर्मुज जलघाँटीको व्यवस्थापनका विषयमा इरान आफ्नो अडानबाट पछि नहट्ने स्पष्ट पार्दै आवश्यक परे थप कदम पनि चालिने बताउनुभयो ।

हर्मुज जलघाँटीको व्यवस्थापनलाई लिएर गत सातादेखि अमेरिका र इरानबिच पुन: तनाव बढेको छ । यसले गत महिना मध्यपूर्वको युद्ध अन्त्य गर्ने उद्देश्यले भएको रूपरेखा सम्झौताको भविष्यसमेत अन्योलमा पारेको छ ।

इरानले हर्मुज जलघाँटीको निगरानी तथा व्यवस्थापन आफ्नै नियन्त्रणमा हुनुपर्ने र त्यहाँबाट आवतजावत गर्ने जहाजबाट शुल्क उठाउने अडान राख्दै आएको छ । तर अमेरिकाले उक्त प्रस्तावलाई अन्तर्राष्ट्रिय समुद्री कानुनविपरीत भन्दै अस्वीकार गरेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार अमेरिकाले हर्मुज जलघाँटीको सुरक्षा जिम्मेवारी लिएको, इरानी बन्दरगाहमाथि पुन: नाकाबन्दी लागू गरिएको तथा जलमार्ग प्रयोग गर्ने कार्गोमा २० प्रतिशत शुल्क लगाइने घोषणा गर्नुभएको थियो ।

यसअघि अमेरिका-इरानबिच स्थायी शान्ति सम्झौता गर्ने उद्देश्यले वार्ता चलिरहेका बेला इरानले जलघाँटी पुन: खुला गरेको थियो । तर आइतबार तेहरानले उक्त मार्ग पुन: बन्द गरिएको घोषणा गरेको थियो ।

फेब्रुअरीको अन्त्यमा युद्ध सुरु भएपछि स्थगित भएको इरानी संसद्को बैठक सोमबारदेखि पुन: सुरु भएको हो । संसद्को नेतृत्व मोहम्मद बाघेर गालिबफले गरिरहनुभएको छ । उहाँ अमेरिका-इरान वार्ताका प्रमुख वार्ताकारसमेत हुनुहुन्छ, जसका कारण पछिल्ला महिनाहरूमा उहाँ राजनीतिक बहसको केन्द्रमा रहनुभएको छ ।

यद्यपि संसद्का धेरै सदस्यहरूले अमेरिकासँगको वार्ताप्रति असहमति जनाउँदै आएका छन् । उनीहरूले वासिङ्टनसँग भएको समझदारीपत्रमा संसद्को भूमिका नरहेको भन्दै त्यसप्रति असन्तुष्टि व्यक्त गरेका छन् ।

# एआईको मागले चीनको निर्यातमा उछाल

हङकङ, ३० असार (एपी) । कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी उत्पादनको विश्वव्यापी माग तीव्र बनेसँगै चीनको निर्यात जुन महिनामा वार्षिक आधारमा २७ प्रतिशतले वृद्धि भएको छ । अपेक्षाभन्दा राम्रो मानिएको यो वृद्धिले चीनको व्यापार अधिशेष पनि उल्लेखनीय रूपमा बढाएको छ ।

चीनको भन्सार प्रशासनका अनुसार मे महिनामा १९.४ प्रतिशतले बढेको निर्यात जुनमा थप तीव्र हुँदै २७ प्रतिशत पुगेको हो । आयात पनि जुनमा ३६ प्रतिशतले बढेको छ । यो मे महिनाको २७.४ प्रतिशत वृद्धिभन्दा उच्च हो । विश्लेषकहरूले इरानसँगको द्वन्द्वका कारण विश्व बजारमा आयात लागत बढेकाले आयातको मूल्य पनि उल्लेखनीय रूपमा बढेको बताएका छन् ।

जुन महिनामा चीनले एक खर्ब २५ अर्ब ६० करोड अमेरिकी डलर बराबरको व्यापार अधिशेष हासिल गरेको छ । यो मे महिनाको एक खर्ब पाँच अर्ब ४० करोड डलरको तुलनामा उल्लेखनीय वृद्धि हो ।

क्यापिटल इकोनोमिक्सका चीन अर्थतन्त्र प्रमुख जुलियन इभान्स-प्रिचार्डले एआई प्रविधिको तीव्र विस्तारका कारण सेमिकन्डक्टरको मूल्य बढ्नु व्यापार वृद्धिको प्रमुख कारण रहेको बताउनुभयो । उहाँका अनुसार त्यसबाहेक पनि चिनियाँ उत्पादनप्रति अन्तर्राष्ट्रिय बजारको माग बलियो नै रहेको देखिन्छ ।

विशेषगरी विद्युतीय सवारीसाधन (इभी), सेमीकन्डक्टर, इलेक्ट्रोनिक उपकरण तथा अन्य प्रविधिमूलक वस्तुको निर्यातमा उल्लेखनीय वृद्धि भएको छ । एआईको विस्तारसँगै विश्वभर सेमिकन्डक्टर र उच्च प्रविधियुक्त उपकरणको माग बढेपछि चीनका उद्योगहरूले त्यसको प्रत्यक्ष लाभ लिइरहेका छन् ।

निर्यात क्षेत्रको मजबुतीले लामो समयदेखि सुस्त रहेको चीनको रियल स्टेट, घरेलु उपभोग र लगानीमा आएको कमजोरीको प्रभाव केही हदसम्म कम गर्न सहयोग पुगेको विश्लेषण गरिएको छ ।

भन्सार तथ्याङ्कअनुसार चालु वर्षको जनवरीदेखि जुनसम्म चीनको निर्यात वार्षिक आधारमा १७.६ प्रतिशत र आयात २६.६ प्रतिशतले बढेको छ ।

चीनसँगको बढ्दो व्यापार घाटालाई लिएर अमेरिका र युरोपेली मुलुकहरूले चिन्ता व्यक्त गर्दै आएका छन् । उच्च भन्सार महसुललगायतका अवरोध पार गर्न चिनियाँ कम्पनीहरूले युरोपलगायत अन्य क्षेत्रमा उत्पादन केन्द्र विस्तार गरिरहेका छन् । साथै चीनले दक्षिणपूर्वी एसिया, ल्याटिन अमेरिका र अफ्रिकी बजारमा पनि निर्यात उल्लेखनीय रूपमा बढाएको छ ।

बीएनपी पारिबास सेक्युरिटिज (चीन) का वेई लीले आगामी महिनाहरूमा निर्यात वृद्धि कायम रहने सम्भावना भए पनि यसको गति क्रमश: केही कमजोर हुन सक्ने बताउनुभयो । उहाँका अनुसार अटोमोबाइल र एआईसँग सम्बन्धित उत्पादनको निर्यात विश्वव्यापी माग तथा विभिन्न देशका नियामकीय नीतिमा निर्भर रहनेछ ।

जुन महिनामा दक्षिणपूर्वी एसियातर्फ चीनको निर्यात करिब ३५ प्रतिशतले बढेको छ भने युरोपेली सङ्घ (इयु) तर्फ १८ प्रतिशत र ल्याटिन अमेरिकातर्फ २८ प्रतिशतभन्दा बढी वृद्धि भएको छ । अमेरिकातर्फको निर्यात पनि वार्षिक आधारमा करिब १४ प्रतिशतले बढेको छ । विश्लेषकहरूका अनुसार गत वर्ष अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उच्च भन्सार महसुल लागू गरेपछि आएको गिरावटको आधार प्रभावका कारण पनि पछिल्लो वृद्धि देखिएको हो ।

चीनले बुधबार अप्रिल-जुन त्रैमासिक आर्थिक वृद्धिदर सार्वजनिक गर्ने तयारी गरेको छ । चिनियाँ नेतृत्वले यस वर्ष ४.५ देखि ५ प्रतिशतसम्म आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । गत साता अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले चीनको यस वर्षको आर्थिक वृद्धिदरको अनुमान ४.६ प्रतिशतमा पुर्‍याएको थियो भने सन् २०२७ मा ४.१ प्रतिशत वृद्धि हुने प्रक्षेपण गरेको छ ।

यद्यपि सरकारले अटोमोबाइल र घरेलु उपकरणमा 'ट्रेड-इन' अनुदानजस्ता कार्यक्रममार्फत उपभोक्ता खर्च बढाउने प्रयास गरिरहे पनि सुस्त आर्थिक गतिविधिका कारण धेरै चिनियाँ उपभोक्ता अझै ठूलो मूल्यका वस्तु खरिद गर्न सावधानी अपनाइरहेका छन् ।

## विश्व सङ्क्षेप

# युरोपेली युनियनद्वारा गाजाका विशेष लागि पहल सुरु गरेको घोषणा

ब्रसेल्स, ३० असार (क्युएनए) । युरोपेली युनियनले ८८ करोड ३६ लाख युरोको प्रारम्भिक रकमका साथ १५ वटा साझेदारहरू सँग मिलेर गाजाकोलागि विशेष पहल समूह ("टीम गाजा इनिसिएटिभ") सुरु गर्ने घोषणा गरेको जनाइएको छ ।

प्रेस विज्ञप्ती जारी गर्दै युरोपेली युनियनले गाजाका जनताका लागि चलिरहेको र योजना-बद्ध प्रारम्भिक सुधार तथा पुन:स्थापना परियोजनाहरूको कार्यान्वयनलाई समर्थन गर्न ब्रसेल्समा प्यालेस्टाइन दाता समूहको बैठकमा पहल सुरु गरिएको उल्लेख गरेको हो ।

आफूलगायत युरोपेली युनियनले जापान, युरोपेली लगानी बैङ्क र विश्व बैङ्क १२ वटा युरोपेली देशहरू यस पहलमा सहभागी भएको बताएको छ ।

प्यालेस्टाइन दाता समूह (पिडिजी) को दोस्रो बैठकको सह-अध्यक्षता प्यालेस्टिनी प्राधिकरण (पीए) का प्रधानमन्त्री मोहम्मद मुस्तफा र भूमध्यसागरीय आयुक्त डुब्राभ्का सुइकाले गर्नुभएको थियो ।

बैठकमा विदेश मामिला तथा सुरक्षा नीतिका लागि ईयूका उच्च प्रतिनिधि र दाता देशहरू, दाता संस्थाहरू र अन्तर्राष्ट्रिय साझेदारहरूका प्रतिनिधिहरूले प्यालेस्टिनी सरकारलाई सहयोग गर्न र गाजापट्टीमा प्रारम्भिक सुधार र पुन: निर्माणको आवश्यक प्रतिक्रियालाई सुदृढ पार्न छलफल गरेको जनाइएको छ ।

# पाकिस्तानमा भारी वर्षाका कारण नौ जनाको मृत्यु, १४ घाइते

इस्लामावाद, ३० असार (सिन्हवा) । पाकिस्तानको उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तको कोहाट जिल्लामा सोमबार भएको भारी वर्षाका कारण आवासीय घर भत्किँदा कम्तीमा नौ जनाको मृत्यु हुनुका साथै १४ जना घाइते भएको उद्धार अधिकारीहरूले बताएका छन् ।

उद्धार अधिकारीहरूका अनुसार भारी वर्षाका कारण जिल्लाको लाची क्षेत्रको मालगिन क्षेत्रमा बाढी आई एउटा घर क्षतिग्रस्त हुँदा २३ जना उक्त घरको भग्नावशेषमुनि फसेका छन् ।

कोहाट र काराक जिल्लाका उद्धार टोलीहरूले उद्धार अभियानअन्तर्गत सबै पीडितहरूलाई भग्नावशेषबाट सफलतापूर्वक उद्धार गरेर उपचारका लागि नजिकैको अस्पतालमा लगेको जनाइएको छ ।

मृत्यु हुनेहरूमा छ जना महिला र तीन जना बालबालिका रहेको उल्लेख गर्दै घाइतेमध्ये केहीको अवस्था गम्भीर भएकाले मृतकको सङ्ख्या बढ्न सक्ने डर रहेको अधिकारीले बताएका छन् ।

पाकिस्तानका धेरै भागहरूमा आएको मनसुनी वर्षाले निरन्तर बाढी निम्त्याउँदा पूर्वाधारलाई क्षति पुग्नुका साथै दैनिक जीवन यापनमासमेत बाधा पुगेको जनाइएको छ ।

यसअघि प्रान्तको प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पिडिएमए) ले बढ्दो पानीको बहावका कारण आगामी दुई दिनमा बाँधबाट थप पानी छोड्न सक्ने चेतावनी दिएको थियो ।

# प्रजग कोरियामा बावी आँधी नजिकिँदै जाँदा उच्च सतर्कता अपनाउन आग्रह

सियोल, ३० असार (एएफपी) । प्रजातान्त्रिक जनगणतान्त्र कोरियाले मङ्गलबार टाइफुन बावी नजिकिँदै गर्दा भारी वर्षा र तीव्र हावाको चेतावनी जारी गरिएको छ भने सर्वोच्च नेता किम जोङ उनले क्षति रोक्न "अधिकतम सतर्कता" अपनाउन आग्रह गर्नुभएको छ ।

प्राकृतिक प्रकोपहरूले प्रजग कोरियाको पूर्वाधार तथा अर्थतन्त्रका अत्यधिक प्रभाव पार्ने गरेको जनाइएको छ ।

प्योङयाङको सरकारी रोडोङ सिनमुन अखबारका अनुसार मङ्गलबार र बुधबारको बिचमा पहिलो सागर हुँदै देशको मध्यक्षेत्र पार गर्नुअघि टाइफुन कमजोर भएर कम चापको प्रणालीमा परिणत हुने अपेक्षा गरिएको छ ।

प्रजग कोरियाको मौसम विज्ञान विभागले भारी वर्षा र तीव्र हावाको चेतावनी जारी गरेको जनाइएको छ ।

उत्तरकोरियाका अधिकारी तथा श्रमिकहरूलाई यो समयमा अधिकतम सतर्क रहन र क्षति कम गर्न आवश्यक कदम चाल्न आग्रह गरिएको किमलाई उद्धृत गर्दै विभागले जनाएको छ ।

यसैबिच मङ्गलबार प्रजगकोरियाको उत्तरी र मध्य क्षेत्रका केही भागहरूमा ८०-१२० मिलिमिटर ३०-६० मिलिमिटर प्रतिघण्टाको दरमा वर्षा हुने पूर्वानुमान गरिएको जनाइएको छ ।

दक्षिणी क्षेत्रहरूमा १५०-२०० मिलिमिटर वर्षाका साथै पश्चिमी तट र केही भित्री क्षेत्रहरूमा १०-१५ मिटर प्रतिसेकेन्डको दरमा हावा आउने अनुमान गरिएको छ ।

यसैबिच प्रजग कोरियाले विपद् रोकथाम प्रयासहरू उच्च बनाएको कोरियन सेन्ट्रल न्यूज एजेन्सीले अस अघि नै रिपोर्ट गरेको थियो ।

पछिल्लो समयमा दक्षिण कोरियामा आएको भारी वर्षाले केही क्षेत्रमा २०० मिलिमिटर सम्म माटो बगाएको जनाइएको छ ।

मध्य चुङचेओङ प्रान्तका सयौँ बासिन्दाहरूले प्रभावित क्षेत्र खाली गरेको जनाएका छन् ।

केबिएसका अनुसार ग्योंगसाङको दक्षिणी क्षेत्रमा उच्च बहावको नदीले बगाउदा एक जना व्यक्ति बेपत्ता भएको बताइएको छ ।

सियोलको मौसम विज्ञान विभागले मङ्गलबारदेखि बुधबारसम्म देशभरि वर्षाको पूर्वानुमान गर्दै मध्यक्षेत्र र दक्षिणी प्रान्त जियोल्लामा भारी वर्षाको पूर्वानुमान गरिएको छ ।

वैज्ञानिकहरूले मानवीय क्रियाकलापका कारण भएको जलवायु परिवर्तनले चरम मौसमी जोखिमलाई बारम्बार, निम्त्याउने गरेको जनाएका छन् ।

गत वर्षको गर्मी दक्षिण कोरियाको रेकर्डमा सबै भन्दा तातो थियो, भने दुवै कोरियाहरूले आफ्नो सबै भन्दा तातो समय गत जुन महिनामा रेकर्ड गरेको जनाइएको छ ।

यस वर्षको एल निनोको पुनरागमन, एसियाका केही भागहरूमा गर्मी, खडेरी र भारी वर्षासँग जोडिएको प्राकृतिक ढाँचाले जोखिम बढाएको जनाइएको छ ।

# क्यान्सर रोग : परिचय, रोकथाम र उपचार

✍ ईश्वरी डंगोल

शरीरका कुनै पनि भागमा रहेका कोषहरू (cells) अनियन्त्रित रूपमा वृद्धि भई असामान्य रूपमा फैलिने रोग क्यान्सर हो। विश्वभर वार्षिकरूपमा अनुमानित २ करोड (२० मिलियन) नयाँ क्यान्सरका केसहरू आउने गर्दछन् र १ करोड ३० लाख (१०.३ मिलियन) को मृत्यु हुने गर्दछ। विश्वव्यापी रूपमा सबैभन्दा बढी निदान गरिएका १० क्यान्सरमा फोक्सो, स्तन, कोलोरेक्टल (आन्द्राको), प्रोस्टेट, नन-मेलानोमा छाला, पेट, कलेजो, पाठेघरको मुख (सर्भाइकल), अन्ननली (इसोफेजियल) र प्यान्क्रियाटिक क्यान्सर पर्दछन्।

फोक्सोको क्यान्सर नेपालमा सबैभन्दा सामान्य र घातक क्यान्सरहरूमध्ये एक हो, जसको उमेर-समायोजित अनुपात (AAR) प्रति १,००,००० मा २.६-२३.७ सम्म रहेको छ। ग्लोबल क्यान्सर अब्जर्भेटरी (GLOBOCAN) २०२२ का अनुसार, नेपालमा नयाँ क्यान्सरका घटनाहरू २२,००८ छन् र क्यान्सरका कारण मृत्यु हुनेको सङ्ख्या १४,७०४ पुगेको छ। *(निशा के. जोस र रुचि त्रिपाठीको लेख 'Status of the rising number of patients with lung cancer in Nepal : A major public health concern'.)*


नेपालमा सबैभन्दा धेरै देखिने क्यान्सर रोगहरूको समयमै पहिचान गर्न र उपचार गराउन विशेष ध्यान दिनुपर्छ।

सबैभन्दा बढी देखापर्ने १० क्यान्सर रोगहरू यस प्रकार छन् :

१. फोक्सोको क्यान्सर (Lung Cancer - फोक्सोको अर्बुद)
२. स्तन क्यान्सर (Breast Cancer)
३. पाठेघरको मुखको क्यान्सर (Cervical Cancer)
४. पेटको क्यान्सर (Stomach Cancer)
५. मुख तथा ओठको क्यान्सर (Lip, Oral Cavity and Pharynx Cancer)
६. आन्द्रा तथा मलाशयको क्यान्सर (Colorectal Cancer)
७. थाइराइड क्यान्सर (Thyroid Cancer)
८. रक्त क्यान्सर (Leukemia - ब्लड क्यान्सर)
९. ग्याल्ब्लाडर क्यान्सर (Gallbladder Cancer - पित्तथैलीको क्यान्सर)
१०. लिम्फोमा क्यान्सर (Lymphoma - लिम्फ प्रणालीको क्यान्सर)

**रोकथामका उपायहरू**

रोकथाम गर्न स्वस्थ जीवनशैली अपनाउनु सबैभन्दा प्रभावकारी उपाय हो।



यसका लागि धूमपान र सुर्तीजन्य पदार्थको प्रयोग बन्द गर्ने, नियमित व्यायाम गर्ने र सन्तुलित खाना खाने गर्नुपर्छ।

नेपालमा क्यान्सरको जोखिमलाई कम गर्न र रोकथाम गर्न अपनाउनुपर्ने मुख्य उपायहरू यस प्रकार छन् :

**- सुर्तीजन्य पदार्थ त्याग्नु :** चुरोट, खैनी, गुट्खा र जर्दाजस्ता सुर्तीजन्य पदार्थको प्रयोग गर्नु हुँदैन। यसले फोक्सो, मुख र घाँटीको क्यान्सरको जोखिम धेरै बढाउँछ।

**- मद्यपान (जाँड-रक्सी) को सेवन कम गर्नु :** अत्यधिक रक्सी सेवनले कलेजो, आन्द्रा र स्तन क्यान्सरको सम्भावना बढाउँछ।

**- सन्तुलित आहार अपनाउनु :** दैनिक खानामा ताजा फलफूल, हरियो सागसब्जी र फाइबरयुक्त खानेकुरा समावेश गर्नुपर्दछ। रातो मासु (खसी, राँगाको मासु) र धेरै चिल्लो/डढेको खानाको मात्रा कम गर्नुपर्दछ।

**- तौल नियन्त्रण गर्नु :** मोटोपनले शरीरमा विभिन्न हर्मोनहरू असन्तुलित बनाएर क्यान्सरको जोखिम बढाउँछ। नियमित व्यायाम गरेर शारीरिक रूपमा सक्रिय रहनुपर्दछ।

**- घामबाट बच्नु :** दिउँसोको चर्को घाममा निस्कनुअघि शरीर छोप्ने लुगा लगाउने, सनस्क्रिनको प्रयोग गर्ने र टोपी लगाउनाले छालाको क्यान्सरबाट बच्न सकिन्छ।

**- खोप (Vaccine) लगाउनु :** पाठेघरको मुखको क्यान्सर (Cervical Cancer) बाट बच्न HPV भाइरसविरुद्धको खोप लगाउनु उपयुक्त हुन्छ। हेपाटाइटिस 'बी' को खोपले कलेजोको क्यान्सरबाट बचाउँछ।

**- नियमित स्वास्थ्य परीक्षण (स्क्रीनिङ) :** क्यान्सरलाई सुरुवाती चरणमै पत्ता लगाउन र उपचार गर्न नेपाल सरकारबाट मान्यता प्राप्त अस्पतालहरूमा नियमित जाँच गराउनुपर्दछ। स्तन र पाठेघरको मुखको क्यान्सरको परीक्षण महिलाहरूका लागि आवश्यक छ।

आर्थिक अवस्था कमजोर भएका नेपाली नागरिकहरूका लागि नेपाल सरकारले तोकिएका अस्पतालहरूमार्फत क्यान्सरको उपचारमा विशेष सहुलियत तथा निःशुल्क उपचार सेवा प्रदान गर्दै आएको छ।

*(लेखक ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नर्सिङ विभागका प्रमुख हुनुहुन्छ।)*

# "विपद् रोक्न सकिँदैन, तर घटाउन सकिन्छ"

✍ टिकाराम सुनार

सुदूरपश्चिम। सुदूरपश्चिम प्रदेशमा ढिलो गरी यही असार १६ गतेदेखि मनसुन सक्रिय भएको छ। यस वर्ष मनसुन ऋतुमा औसतमा कम वर्षा हुने अनुमान छ। सुदूरपश्चिमलगायत केही प्रदेशमा सरदरभन्दा यस वर्ष कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको जल तथा मौसम विज्ञान विभागको आकलन छ। जबकी यस वर्ष प्रि-मनसुनमा भने नेपालमा ४५ वर्षयताकै सबैभन्दा बढी पानी परेको अभिलेख छ।

प्रि-मनसुन सिजनमा नेपालमा औसत २२६ दशमलव तीन मिलिमिटर पानी पर्ने गरेकामा यस वर्ष ३३९ दशमलव सात मिलिमिटर पानी परेको जल तथा मौसम विज्ञान कार्यालय अत्तरियाले जनाएको छ। विभागले सन् १९८१ देखि एक सय २६ वटा वर्षामापन केन्द्रको तथ्याङ्कलाई आधार मानी प्रि-मनसुनको विश्लेषण गर्दै आएको छ।



जल तथा मौसम विज्ञान विभागको मौसमी आकलनले यस वर्ष प्रदेशका अधिकांश क्षेत्रमा औसतभन्दा कम वर्षा हुने सम्भावना देखाए पनि त्यसले जोखिम घटेको अर्थ भने लगाउन नसकिने जल तथा मौसम विज्ञान कार्यालय अत्तरियाका प्रमुख इन्जिनियर सञ्जयकुमार साहको भनाइ छ। छोटो समयमा अत्यधिक वर्षा हुँदा साना खोला, खहरे र नदीहरूमा आकस्मिक बाढी आउने सम्भावना उत्तिकै रहने भएकाले जोखिम भने उच्च रहेको उहाँले बताउनुभयो।

"पछिल्ला वर्षहरूमा मौसमको स्वरूप परिवर्तन हुँदै गएको छ। लामो समय पानी नपरे पनि केही घण्टाको मुसलधारे वर्षाले ठूलो क्षति निम्त्याउने क्रम बढिरहेको छ। त्यसैले अब मनसुन व्यवस्थापनको आधार केवल वर्षाको मात्र नभई जोखिमको प्रकृति र पूर्वतयारी हुनुपर्नेछ। त्यहीअनुसार हामीले तयारी अवस्थामा रहनुपर्छ," साहले भन्नुभयो।

**क्षतिको अवस्था र आकलन**

हरेक वर्ष मनसुन आउँछ। नदीहरू उर्लिन्छन्, पहाड खस्छन्, बस्ती डुब्छन् र उद्धार तथा राहतका टोली परिचालन हुन्छन्। तर, एउटा प्रश्न भने वर्षेनी दोहोरिन्छ-के हामी विपद् आउनुअघि पर्याप्त तयारी गर्छौं, कि क्षति भएपछि मात्रै सक्रिय हुन्छौं ?

प्रदेश सरकारकै तथ्याङ्कले पनि यो प्रश्नलाई झन गम्भीर बनाउँछ। पछिल्लो दश वर्षमा सुदूरपश्चिममा पहिरो, बाढी, भारी वर्षा र चट्याङका मात्रै एक हजार ३२९ मनसुनजन्य विपद्का घटना भए। ती घटनामा दुई सय ७७ जनाले ज्यान गुमाएका छन् भने ५४ जना बेपत्ता भए। यस्तै, छ सय ७५ जना घाइते भए र १० हजार ७०० परिवार प्रत्यक्ष प्रभावित भए। हजारौं घर, पुल, गोठ र पशुचौपायामा क्षति पुग्यो।

प्रदेश विपद् व्यवस्थापन परिषद्को सचिवालयका रूपमा समेत रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयकाअनुसार आर्थिक वर्ष २०८१/०८२ मा दुई सय ६१ मनसुनजन्य घटना हुँदा ३२ जनाको मृत्यु भएको थियो। चालु आर्थिक वर्षको असार २६ गतेसम्म सर्पदंश, आगलागी, जनावरको आक्रमण, भारी वर्षा, बाढीलगायत विभिन्न विपद्का नौ सय २६ घटना भएका छन्। ती घटनामा ३५ जनाको मृत्यु भएको छ भने एक हजार ४२८ परिवार प्रभावित भएका मन्त्रालयका उपसचिव पवित्राकुमारी पुरीले जानकारी दिनुभयो।

यी तथ्याङ्कलाई विगतका अभिलेख मात्र नभई आगामी दिनका लागि चेतावनीका रूपमा समेत लिनुपर्ने उहाँको भनाइ छ। पुरीले भन्नुभयो, "हरेक वर्षमा विपद्का घटनाको कुरा गर्दा सङ्ख्यात्मक हिसाबले कहिले कम वा बढी घटना होलान्, तर जलवायु परिवर्तनलगायत कारणले मौसमी चक्र र प्रवृत्तिमा आएको बदलावले जोखिम पनि फरक फरक ढङ्गले बढिरहेको छ। त्यस आधारमा हामीले पनि तयारीको रणनीति बदल्नुपर्ने आवश्यकता छ। प्रदेश विपद् व्यवस्थापन परिषद्मा यो विषयमा गम्भीर छलफल हुने गरेको छ र सोहीअनुसार काम गरिरहेका छौं।"

जल तथा मौसम विज्ञान कार्यालयका अनुसार यस वर्षको मनसुनजन्य जोखिम विश्लेषणले देशभर ५१ हजार ८६८ घरका दुई लाख २६ हजार ६६१ जना प्रभावित हुने भनिएको छ। तीमध्ये सुदूरपश्चिममा सात हजार ६०३ परिवारका ३३ हजार २२७ जना प्रभावित हुने अनुमान रहेको उक्त कार्यालयका प्रमुख इन्जिनियर साहले बताउनुभयो। जिल्लागत हिसाबमा कञ्चनपुरका सबैभन्दा बढी सात हजार १३२ र सबैभन्दा कम दार्चुलामा एक हजार ४६७ जना प्रभावित हुने उहाँले जानकारी दिनुभयो।

तथ्याङ्कअनुसार कैलालीमा छ हजार १९५, डोटीमा चार हजार ८२०, बाजुरामा तीन हजार ७७६, बैतडीमा तीन हजार ३६२, बझाङमा एक हजार ७६४ र अछाममा एक हजार ६०२ जना प्रभावित हुने अनुमान रहेको छ।

**प्रदेशमा तयारी**

प्रदेशमा सङ्घीय तहमा रहेका ऐन कानुन, मापदण्ड र कार्ययोजनासँगै मनसुन पूर्वतयारी तथा प्रतिकार्य प्रादेशिक कार्ययोजना-२०७७ (पाँचौं संशोधन-२०८३) र बहुप्रकोप पूर्वसूचना रणनीतिक कार्ययोजना (२०२५-२०३०) कार्यान्वयनमा छ। ती कार्ययोजनाको व्यवस्थाअनुसार मनसुन प्रतिकार्य कमाण्ड पोस्टलाई सक्रिय बनाउने, प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई २४ सैं घण्टा सञ्चालन गर्ने तथा सुरक्षा निकाय, स्वास्थ्य संस्था र सम्बन्धित निकायलाई तयारी अवस्थामा राख्ने व्यवस्था गरिएको आन्तरिक मामिला तथा कानुनमन्त्री हीरा सार्कीले जानकारी दिनुभयो। यसैगरी, सम्बन्धित निकायलाई विपद्को समयमा तत्काल निर्णय, समन्वय र स्रोत परिचालन गर्ने अधिकारसमेत दिइएको उहाँले बताउनुभयो।

कार्ययोजनाले प्रदेश सरकारका प्रमुख सचिवको नेतृत्वमा कमाण्ड पोष्टको व्यवस्था गरेको छ। प्रदेशमा हुनसक्ने मनसुनजन्य विपद्को प्रतिकार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउनका लागि गठन गरिएको उक्त समितिमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका प्रदेश प्रमुख, सबै मन्त्रालयका सचिव, कैलालीका प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ।

प्रदेश सरकारले स्थानीय तहलाई पनि स्पष्ट जिम्मेवारी तोकेको छ। प्रत्येक पालिकाले मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्ने, ढल र नाला सफा गर्ने, खोला-नदीका निकास खुला राख्ने, खोज तथा उद्धार सामग्री तयारी अवस्थामा राख्ने, स्वयंसेवक परिचालन गर्ने तथा समुदायमा विपद् सचेतना अभियान सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ।

प्रमुख सचिव वैकुण्ठप्रसाद अर्यालले सुदूरपश्चिमको भौगोलिक भूबनोटका कारण माथिल्लो पहाडी तथा हिमाली क्षेत्रमा भूक्षय, कटान र तल्लो क्षेत्रमा नदी कटान, डुबान, बाढीलगायतको समस्या रहेको बताउनुभयो। सम्बद्ध निकायले सोहीअनुसार आवश्यक तयारी, सतर्कता र विपद्को समयमा शीघ्र उद्धार, अत्यावश्यक सेवा र राहत उपलब्ध गराउन आवश्यक समन्वय गरिएको यसअघि प्रदेश विपद् व्यवस्थापन समितिको बैठकमा जानकारी गराउनुभएको थियो।

नेपाल प्रहरीका प्रदेश प्रमुख प्रहरी नायब महानिरीक्षक सानुराम भट्टराईले सीमित स्रोतसाधनका बाबजुत आफूहरूले समयबद्ध रूपमा काम गरिरहेको जानकारी दिनुभयो। "विपद् आकस्मिक रूपमा आउने हो। त्यसैले, सोहीअनुसार तयार रहनुपर्छ। नेपाल प्रहरीका हकमा उपलब्ध स्रोतसाधन, तालिमप्राप्त जनशक्तिको तैनाथी र सम्बद्ध निकायसँगको समन्वयमा काम गर्ने विषयमा हामी सधैं सचेत छौं। सबैको सामूहिक पहलले जोखिम न्यूनीकरणलगायतका काम गर्न सकिने हाम्रो विश्वास छ," उहाँले भन्नुभयो।

सशस्त्र प्रहरी बल नेपाल नं ७ वैद्यनाथ वाहिनीका प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक दिगविजय सुवेदीले विपद् व्यवस्थापनका लागि सुरक्षा बेस क्याम्प विस्तार, अस्थायी मौसम प्रतिकार्य टोली परिचालन, प्रदेशमा रहेका तालिमप्राप्त जनशक्ति र गोताखोरलाई तयारी अवस्थामा राखिएको बताउनुभयो। उहाँ विपद् जोखिम न्यूनिकरण, उद्धारमा सहज हुने नयाँ उपकरणलगायत अत्यावश्यक सामग्री व्यवस्थापनका लागि प्रदेश सरकारले सहयोग गर्नुपर्नेमा जोड दिनुहुन्छ।

त्यस कार्यमा सहयोगका लागि सबै विषयगत क्षेत्रहरूलाई कार्य जिम्मेवारीका आधारमा पाँच मन्त्रालयहरूले कार्य सम्पादन गर्ने गरी जिम्मेवारी तोकिएको छ। सामाजिक विकास, भौतिक पूर्वाधार, भूमि व्यवस्था, कृषि तथा सहकारी, आन्तरिक मामिला तथा कानुन र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई क्षेत्रगत जिम्मेवारी तोकिएका छन्।

**विपद् जोखिम न्यूनीकरणमा साझेदारी**

प्रदेशमा विपद् व्यवस्थापन कार्यमा विकास साझेदारले पनि सहयोग गरिरहेको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, फिल्ड कार्यालय सुदूरपश्चिमका प्रमुख वैजयन्तीसिंह गिरी विपद् व्यवस्थापनको कार्ययोजना, आवश्यक रणनीति निर्माणका साथै पूर्वतयारी, आवश्यक प्राविधिक सामग्री सहयोग, राहत तथा उद्धारका काममा आफूहरू प्रदेश सरकारसँगै रहेको बताउनुहुन्छ। विगतदेखि नै यस क्षेत्रमा सहकार्य हुँदै आएको र आगामी दिनमा पनि आवश्यकताअनुसार सहकार्य गरिने उहाँको भनाइ छ।

नेपाल रेडक्रस सोसाइटीका प्रदेश अध्यक्ष दिलबहादुर बुढाले विपद् जोखिम न्यूनीकरण, राहत तथा उद्धारका काममा आफूहरूले प्रदेश सरकारसँग मिलेर काम गरिरहेको बताउनुहुन्छ। रेडक्रसले गैरखाद्य सामग्री, दक्ष जनशक्तिलाई तयारी अवस्थामा राखेको र आवश्यकताअनुसार अन्य प्रदेश तथा केन्द्रको सहयोग लिई राहत तथा उद्धारको काम गरिने उहाँको भनाइ छ।

प्रदेशमा पूर्वसूचनालाई प्रभावकारी बनाउने प्रयास गरिएको छ। जल तथा मौसम विज्ञान विभागले तीन दिनसम्मको मौसम तथा बाढीको पूर्वानुमान नियमित अद्यावधिक गर्ने, साना नदी तथा खहरेमा सम्भावित बाढीको दुईदेखि छ घण्टाअघि नै चेतावनी दिने व्यवस्था मिलाएको छ।

जलवायु परिवर्तन र विपद् व्यवस्थापन क्षेत्रमा क्रियाशील धनगढीका डण्डीराज सुवेदी नागरिक ज्यूज्यान र अन्य सम्पत्तिको सुरक्षाका लागि सबै सजग रहनुपर्ने धारणा राख्नुहुन्छ। उहाँ भन्नुहुन्छ, "विपद् व्यवस्थापनको सफलता राहत सामग्री वितरणको परिमाणले होइन, जोगिएका जीवनको सङ्ख्याले मापन हुन्छ। त्यसका लागि सरकारले योजना बनाउनु मात्र पर्याप्त हुँदैन।"

स्थानीय तहको सक्रियता, समुदायको सचेतना, समयमै सूचना प्रवाह र नागरिकको जिम्मेवार व्यवहार उत्तिकै आवश्यक हुने भएकाले त्यस आधारमा मौसमी विपद् रोक्न नसके पनि क्षति घटाउन महत्त्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ। ***रासस***

# भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा प्रवचन कार्यक्रम




भक्तपुर, ३० असार । नेपाल मजदुर किसान पार्टी काठमाडौँ - रामेछाप सम्पर्क समितिको आयोजनामा २०२५ साल साउन २ र २०२६ साल असार १९ को ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेँभक्त फोजूले भूमिसुधार ऐन २०२१ कार्यान्वयनको लागि नेपाल मजदुर किसान पार्टीका अग्रजहरूको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो ।

भ्रष्टाचारविरुद्ध भएका ऐतिहासिक आन्दोलनले सुशासन, पारदर्शिता र जवाफदेहिताको पक्षमा महत्त्वपूर्ण सन्देश दिएको र भ्रष्टाचार नियन्त्रणका लागि कानुनी व्यवस्था मात्र पर्याप्त नहुने, नागरिक सचेतना, नैतिक नेतृत्व र संस्थागत सुधार पनि उत्तिकै आवश्यक रहेको उहाँले बताउनुभयो ।

उहाँले भ्रष्टाचारमुक्त समाज निर्माणका लागि सबै पक्षको साझा प्रतिबद्धता आवश्यक रहेको धारणा राख्नुभयो । कार्यक्रममा सहभागीहरूले ऐतिहासिक आन्दोलनमा अग्रजहरूले पुऱ्याएको योगदानको स्मरण गर्दै कार्यक्रमले सकारात्मक भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टी काठमाडौँ रामेछाप सम्पर्क समितिका संयोजक धनबहादुर श्रेष्ठको सभापतित्वमा उक्त कार्यक्रम भएको थियो ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - ५५

**जिल्ला प्रशासन कार्यालय सुनसरी** :

२०८२।०५।२३ गते अन्दाजी १०:४० बजे जुलुसमा सहभागीहरूको अनुमानित सङ्ख्या ४०००/४५०० सय रहेको देखिन्छ । प्रदर्शनमा घुसपैठ गरेका केही व्यक्तिले उत्तेजित शैलीमा सरकारविरोधी नारा लगाउन थाले । प्रदर्शनकारीहरूले सुरक्षाकर्मीमाथि ढुङ्गामुढा, पेट्रोल भरेको बोतल, गुलेलीलगायतले प्रहार गरे । केही प्रदर्शनकारीले उपमहानगरपालिका कार्यालयभित्र छिरेर तोडफोड गरी क्षति पुऱ्याए । विरोध प्रदर्शनको सम्बन्धमा जेनजी पुस्ताका प्रतिनिधिहरूलाई घुसपैठ हुनसक्ने भएकोले तोडफोड तथा आगजनी नगरी सचेत रहन अनुरोध गरिएको थियो ।

अन्दाजी ५,००० को सङ्ख्यामा रहेका प्रदर्शनकारीको समूहले हातहातमा ढुङ्गा, ग्याटिस, फलामे रड, घरेलु हातहतियार, पेट्रोल भरिएको बोतल बोकेर इलाका प्रहरी कार्यालय इटहरीमाथि आक्रमण गरेको थियो । हिरासत कक्षमा समेत ढुङ्गामुढा, तोडफोड तथा आगजनीको प्रयास भएको थियो । नेपाली सेनाको टोली भदौ २३ गते राति नै फर्केर भोलिपल्ट अर्थात् भदौ २४ गते राति १०:०० बजेपश्चात् मात्र खटिएको थियो ।

जेनजी नेतृत्वकर्ताले जुलुसमा सहभागीहरूको भिडलाई आफ्नो नियन्त्रणमा राख्न सकेनन् । जेनजी आन्दोलनलाई अझ उत्तेजित हुन सघाउने विभिन्न भ्रामक र तथ्यहीन फोटो तथा भिडियोहरू (जस्तैः संसद् भवन नयाँ बानेश्वरभित्र मानिसहरूको लास रहेको आदि) विभिन्न सामाजिक सञ्जालमा व्यापक पोस्ट तथा शेयर गरी सर्वसाधारणहरूलाई दिग्भ्रमित बनाउने प्रवृत्ति देखिएको थियो । जुलुसमा घुसपैठ गरेका व्यक्तिहरूले दिएको उत्तेजित अभिव्यक्तिको कारण जुलुसमा सहभागी अन्य व्यक्ति पनि उत्तेजित बन्दै गएको देखिन्छ । तोडफोड, लुटपाट र आगजनीमा रास्वपा, नेकपा माओवादी केन्द्रलगायतका प्रमुख राजनैतिक दलहरूमा आबद्ध व्यक्तिहरू, विभिन्न हिन्दू धार्मिक अतिवादी सोच रहेका व्यक्ति तथा दुर्गा प्रसाईलगायतका स्वार्थ समूहहरूको संलग्नता रहेको देखिन्छ ।

**सुरक्षा निकायहरूको परिचालन र समन्वय** :

२०८२।०५।२३ गते १० बजेदेखि सुरक्षाकर्मी परिचालन गरिएको थियो । अन्दाजी १५:२० बजेको समयमा भिडले इटहरी उपमहानगरपालिकाको कार्यालयमा आगजनी, तोडफोड गर्नुका साथै कार्यालयका सामग्री लुटपाट, चोरी तथा अति आवश्यक सवारी साधन दमकलसमेतमा तोडफोड गरे । अन्दाजी १६:५० बजेको समयमा इलाका प्रहरी कार्यालय इटहरीमा ढुङ्गामुढा, तोडफोड, गुलेली प्रहारजस्ता अराजक गतिविधि हुन थालेपछि सुरक्षाकर्मीहरूले न्यूनतम बल प्रयोगको सिद्धान्तबमोजिम टियर ग्याँस प्रहार, ब्लाङ्क राउन्ड हवाई फायर र लाइभ राउन्ड हवाई फायर गरेका थिए । मुठभेडमा केही प्रदर्शनकारी घाइते हुनुका साथै उपचारको क्रममा दुई जनाको मृत्यु भएको हो ।

२०८२।०५।२४ गते बिहानैदेखि मानवीय क्षति हुन नदिन भरमग्दुर प्रयास गरिएको थियो । आन्दोलनरत विद्यार्थी तथा जेनजी पुस्तालाई कार्यक्रम स्थलको मुख्य बिन्दुबाटै स्कर्टिङ गरी सुरक्षा प्रदान गरिएको थियो ।

# बाढीपहिरोले आठ राजमार्ग अवरुद्ध

काठमाडौँ, ३० असार । मुलुकको विभिन्न स्थानमा अविरल वर्षासँगै बाढीपहिराका कारण आठवटा राजमार्ग अवरुद्ध भएका छन् । बाढीपहिरोले पूर्णरूपमा अवरूद्ध भएको हुलाकी राजमार्ग भने सञ्चालनमा आएको छ ।

प्रहरी प्रधानकार्यालय नक्सालका अनुसार आज पर्साको ठोरी गाउँपालिका-२ हुलाकी राजमार्ग सडकखण्डमा पर्ने ढेडुखोला र अन्य खहरे खोलामा अविरल वर्षाको कारण आएको बाढीले सडक अवरुद्ध भएकोमा आज दिउँसोदेखि पूर्ण रूपमा सञ्चालनमा आएको छ ।

प्रहरी प्रधानकार्यालयले जारी गरेको विज्ञप्तिअनुसार काभ्रेपलाञ्चोक/सिन्धुली खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी चल्ने सम्पूर्ण सवारीसाधनहरू (बीपी राजमार्ग) सञ्चालनमा पूर्णरूपमा रोक लगाइएको छ । सोमबार बिहान ललितपुरको बाग्मती गाउँपालिका-३ भट्टेडाँडास्थित पाड्दुर, टाकुर्चे र भालु खोलासहित तीन ठाउँमा अविरल वर्षातको कारण कान्तिलोकपथ सडकखण्डमा पहिरो गई बाटो पूर्णरूपमा अवरुद्ध भएको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिअनुसार मेची राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको छ । असार २३ गते इलामको इलाम नगरपालिका-९ राजदुवालीस्थित मेची राजमार्गमा वर्षाका कारण बाटो हिलो भई सवारीसाधन आवतजावत गर्न नसक्ने भएकोले उक्त सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको, (उक्त स्थानमा वैकल्पिक बाटो रहेको) छ ।

"ताङतिङ सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको छ । असार २७ गते कास्कीको मादी गाउँपालिका-२ ज्याम्दोस्थित पोखरा ताङतिङ भित्री सडकखण्डमा बाटोमुनि लगाइएको तार जालिको ग्याबिन पर्खाल भत्किएर बाटो पूर्णरूपमा अवरुद्ध भएको हो । सालझन्डि ढोरपाटन सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको छ । आइतबार अर्घाखाँचीको पाणिनी-२ ढुङ्गेखोलास्थित सालझन्डि ढोरपाटन सडकखण्डमा बाटोको माथिबाट ढुङ्गा खसी बाटो पूर्णरूपमा अवरुद्ध भएको हो ।", विज्ञप्तिमा भनिएको छ ।

यसैगरी कालीगण्डकी करिडोर अवरुद्ध भएको छ । सोमबार गुल्मीको कालीगण्डकी-४ पुर्तिघाटस्थित कालीगण्डकी करिडोर सडकखण्डमा पातुखोलाको बहाव बढी भएपछि बाटो अवरुद्ध भएको विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिअनुसार मध्यपहाडी लोकमार्ग पूर्णरूपमा अवरुद्ध भएको छ । सोमबार कास्कीको मादी-४ भैसेस्थित मध्यपहाडी लोकमार्गअन्तर्गत भैँसेबाट इदि जाने (भित्री सडक) मा ओखेभिरबाट झरेको लेदो, पहिरो र मादी खोलाको पानीसमेत सडकमा आइ बाटो पूर्णरूपमा अवरुद्ध भएको हो ।

प्रहरीका अनुसार रिडी वामी सडक पूर्णरूपमा अवरुद्ध भएको छ । आज बिहान गुल्मीको मुसिकोट-५ तल्लो फाँटस्थित रिडी वामी सडकखण्डको ठाँडो गिरु खोलाको बहाव बढी बाटो कटान गरी लगेको हुँदा बाटो अवरुद्ध भएको हो ।

# निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापन नदिने निर्णय सर्वोच्चद्वारा खारेज

काठमाडौँ, ३० असार । सर्वोच्च अदालतले निजी सञ्चारमाध्यमहरूलाई सरकारी विज्ञापन नदिने सरकारको परिपत्र खारेज हुने ठहर गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय शारङ्गा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले २०८२ चैत १८ गते सरकारले निजी मिडियालाई सरकारी विज्ञापन नदिने निर्णयविरुद्ध परेको रिट निवेदन खारेज हुने फैसला गर्दै सरकारले जारी गरेको उक्त परिपत्र खारेज हुने ठहर गरेको छ । सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार फैसलाको पूर्णपाठ आउन बाँकी छ ।

मिडिया सोसाइटीका अख्तियार प्राप्त निवेदक अधिवक्ता अनन्तराज लुइँटेलले सरकारले निजी सञ्चारमाध्यमलाई मात्र सरकारी विज्ञापन दिने निर्णय गैरकानुनी भएको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो । सरकारले सरकारी विज्ञापनहरू सरकारी सञ्चार माध्यमबाट मात्रै प्रकाशित एवं प्रशारित गर्ने निर्णय गरी प्रधानमन्त्री कार्यालयबाट परिपत्र जारी गरेको थियो । अदालतले सो परिपत्र बदर हुने फैसला गरेको हो । रासस

**टेबुलटेनिस...**

छात्र सिङ्गल १६ वर्षमुनिको खेलमा सफल सुवाल (प्रभात) प्रथम, नयन लालुवा (प्रोक्सिमा) द्वितीय र कृषल अवाल (लर्नर्स) र रिजन (प्रोक्सिमा) तृतीय भएका थिए ।

छात्रा सिङ्गल १६ वर्षमुनिको खेलमा अरबी सुवाल (प्रभात) प्रथम, मालश्री सुवाल (लर्नर्स) द्वितीय र सोना बासुकला (प्रभात) र सिमोन दुवाल (लर्नर्स) तृतीय भए ।

त्यस्तै छात्र सिङ्गल १२ वर्षमुनिको खेलमा श्रीयान लाखे (प्रभात) प्रथम, अर्बित गाइँजु (प्रोक्सिमा द्वितीय र एलेक्स सुवाल (एभरेस्ट) र स्वर्णिम सितिखु (प्रभात) तेस्रो भए ।

छात्रा समूहमा आरोही सुवाल (प्रभात) प्रथम, सैना लिबि (प्रोक्सिमा) द्वितीय र एलिसिया न्हुछे (प्रभात) र आशिका बजगाई (बरदायिणी) तेस्रो भए ।

**पाठक पत्र**

# 'सहिद' को अवमूल्यन नगर्दा जाती

काठमाडौँ महानगरपालिकाका नगर प्रहरीले निषेधित क्षेत्रमा मोटरसाइकल रोक्यो भनेर मोटरसाइकलमा हवीललक गऱ्यो । धेरै जरिवाना तिर्नुपर्ने भएकोले पठाउको काम गर्ने २५ वर्षीय गणेश नेपालीले मोटरसाइकलको पेट्रोल निकाली आत्मदाह गऱ्यो । निज नेपाली उपचारको क्रममा निधन भयो । नेपालको राजनीतिक डबलीमा फेरि चर्चा भयो । क्रिया-प्रतिक्रिया, आरोप-प्रत्यारोप, विरोध-समर्थनका कुरा सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा छ्यापछ्याप्टी देखियो । सरकारवादीहरूले गणेश नेपालीको निधनलाई सामान्य बनाउन प्रयास गरे भने पीडित परिवार, आफन्त र विपक्षीहरूले यसलाई सरकारको विरोधमा बोल्ने अवसर पाए । गणेश नेपालीकै निधनसँगै तराईको दुई जना युवाले पनि आत्मदाह गरेको समाचार आयो । गरिबी, बेरोजगारी, आर्थिक असमानता आदिको कारणले वाक्कदिक्क जनता यस्ता घटनाले तरङ्गित हुने त स्वाभाविक भयो नै । अरू डिप्रेसनमा गएका युवाहरू फेरि घटना घटाउला, दोहोऱ्याउला भन्ने विषयमा सचेत नागरिकहरू दबाब र प्रभावको कारण राज्य काठमाडौँ महानगरपालिकामार्फत सेवा सुविधाको लागि सहमति भयो । त्यसमध्ये एउटा मागमा मेरो असहमति छ - आत्मदाह गर्नेलाई सहिद घोषणा गर्नेबारे ।

'सहिद' शब्दको अर्थ नबुझी वीर सहिदलाई अपमान पुग्ने गरी जो कोहीलाई सहिद घोषणा गर्दा के कस्तो असर पर्छ ? त्यसबारे सोच्नु आवश्यक छ । देशका विद्वतवर्गले बोल्नै पर्छ । के गणेश नेपाली सहिद हो । के गणेश नेपाली नेपाल र नेपालीको हितको लागि आन्दोलन या सङ्घर्षको क्रममा निधन भएको हो ? हो, गणेश नेपालीले आर्थिक समस्याले पिरोलेर, सरकारले गर्ने दण्ड सजायबाट विरक्तिएर आत्मदाह गरेको हो । अभावबाट मर्न बाध्य भएको घटनाक्रमले प्रस्ट पारेको छ । सरकार र सरकारसँग सम्बन्धित निकायको कमीकमजोरीका कारण घटेको घटना हो यो । यसबारे व्यापक बहसको आवश्यकता छ । केही मान्छेले माग्दैमा सहिद घोषणा गर्नुपर्छ भन्ने छैन ।

*- गणेश श्रेष्ठ, रामेछाप*

**सरकारी....**

ज्यानकै असुरक्षा भएको भन्दै सरकारले नदी किनाराका सुकुमवासीलाई उठाएर कीर्तिपुर हेल्डिङ सेन्टरमा राख्दा भन् भिजोग भयो र उनीहरूलाई भक्तपुरको खरिपाटीस्थित होल्डिङ सेन्टरमा राखियो । उक्त सेन्टरमा विभिन्न मन्त्रीहरूले विभिन्न आश्वासनका पोकाहरू बाँडे । सुकुमवासी व्यवस्थापनमा ढिलाइ भइरहेकोमा शङ्का छैन । यस हिसाबले मन्त्रीहरूले सुकुमवासीहरूसँग क्षमा माग्नुपर्ने हो । शिक्षामन्त्री सस्मित पोखरेलले बालबालिकालाई विद्यालय जान यातायातको व्यवस्था गर्ने, श्रम तथा रोजगारमन्त्री रामजी यादवले सुकुमवासीलाई रोजगार दिलाउने, सङ्घीय तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सुकुमवासीलाई लालपुर्जासहित जमिन दिइने आश्वासन बाँडे । यसरी मन्त्रीहरूले आश्वासनको पोको बाँडेर सुकुमवासीहरूको पीडा र चिन्तालाई आश्वस्त पार्ने काम गरे । सरकारले एकातिर सुकुमवासीहरूको पहिचान नै गर्न सकेको छैन भने अर्कोतिर सुकुमवासीलाई लालपुर्जा छिट्टै दिने भनी थप आश्वास्त पार्ने काम गऱ्यो ।

आश्वासन बाँडेर जनतालाई आश्वस्त पार्ने काम पहिलेका सत्तारुढ दलका नेता र मन्त्रीहरूले पनि गरेका थिए । वर्तमान सरकारका मन्त्रीहरूमा पनि त्यही लक्षण देखियो । केही राजनीतिक विश्लेषकहरूले पुराना सरकारका दलका नेताहरूले ३५ वर्ष शासन गर्दा पाएको बदनाम यो नयाँ सरकार ३ महिनाभित्र अलोकप्रिय भएको विश्लेषण गर्न थालेका छन् । हुन पनि सरकारको अदूरदर्शी र हचुवा निर्णय, मनपरी अभिव्यक्तिको कारण हरेक दिन सरकारको विरोधमा प्रदर्शन, सभा, धर्ना, घेराउ गर्ने काम भइरहेको छ । सरकारी कार्य शैलीको विरोधमा युवाहरू स्वतस्फूर्त सडक आन्दोलनमा उत्रेका छन् । यो जनताको असन्तोषको सङ्केत हो ।

सन्तुलित जनसंख्याः विकासको आधार

❖ जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
❖ जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
❖ मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
❖ किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
❖ लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
❖ शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना




जन्मः १९९९/०५/१६
निधनः २०८३/०२/१३

यस साथीभाइ समूहका सदस्य प्रविन ध्वजुका ममतामयी माता **विष्णुकेशरी ध्वजु**को दुःखद निधन भएको आज ४५ औं दिन (लत्या)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीभाइ समूह**
पाण्डुबजार हाइट-०६, भक्तपुर

हार्दिक समवेदना



जन्मः २००५/०४/०८
निधनः २०८३/०३/२०

यस संस्थाका सल्लाहकार समितिका सदस्य कृष्णगोपाल लागेजुका पूजनीय बुबा **कृष्णलाल लागेजु**को असामयिक निधन भएको आज बाह्रौं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.**
महेश्वरीस्थान-८, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु★सम्पादकः चक्रबहादुर चाकतु★कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखाः ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा